# तुर्माखाँद राजपत्र

तुर्माखाँद गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६ संख्या १ मिति २०७९ श्रावण ५ गते

## भाग १

## तुर्माखाँद गाउँपालिकाको सूचना

तल उल्लिखित ऐन सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ (५) तथा यस गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यबिधि २०७५ को दफा ९ (२) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

### सम्बत् २०७९ को ऐन नं.१

### खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०७९

**प्रस्तावना** : खानेपानीका श्रोत तथा मुहानको संरक्षण, स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामा पहुँच

प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति र खानेपानीको दिगो उपयोग गरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था तथा अन्य माध्यमद्वारा सहज र दिगो रुपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम तुर्माखाँद गाउँ सभाले अधिवेसनले यो ऐन बनाएको छ ।

**परिच्छेद- १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुर्माखाद राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "आयोजना" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धी

अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनु पर्छ ।

(ख) "उपभोक्ता" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपयोग गने व्यक्ति, संस्था, प्रतिष्ठान, वा निकाय सम्झनु पर्छ ।

(ग) "उपभोगकर्ता मैत्री खानेपानी सरसफाइ सेवा र सुबिधा" भन्नाले उपयोगकर्ताको लैङ्गिकता, उमेर समुह वा शारिरिक अबस्था वा क्षमता अनुरुप हुनेगरी प्रबन्ध गरिएको खानेपानी सरसफाइ सेवा वा सुबिधा सम्झनु पर्छ र उपरोक्त शब्दले सार्वजनिक स्थानमा प्रबन्ध गरिने खानेपानी सरसफाइ सेवा वा सुबिधाहरु उपयोगकर्ता मैत्री हुनु पर्ने समेत जनाउँछ ।

(घ) "उपभोक्ता संस्था" भन्नाले सामुदायिक रुपमा सामुहिक

हितका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले तुर्माखाँद गाँउपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(च) "कार्यसमिति" भन्नाले खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको दफा १८ बमोजिम गठन भएको खानेपानी, सरसफाइ तथा स्वच्छता उपभोक्ता संस्थाको कार्यसमिति सम्झनु पर्छ ।

(छ) "कोष" भन्नाले दफा ४५ बमोजिमको खानेपानी तथा सरसफाइ कोष सम्झनु पर्छ ।

(ज) "खानेपानी तथा सरसफाइ उपभोक्ता समिति" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपयोग गर्ने उपभोक्ता घरधुरीका



तुर्माखाँद गाँउपालिका

सदस्यहरुले उपभोक्ता संस्थाको रुपमा रहेको सामुदायिक संस्थाको विधान बमोजिम साधारण सभाबाट गठन हुने समितिलाई जनाउँछ ।

(झ) "खानेपानी सेवा" भन्नाले खानेपानीको सञ्चय, स्थानान्तर तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ती गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रुपमा खानेपानी उपलव्ध गराउने कार्यलाई समेत जनाउँछ ।

(ञ) "खानेपानीको सार्वजनिक उपयोग" भन्नाले सार्वजनिक रुपमा जडान भएका धाराबाट उपभोक्ताको लागि वितरण हुने खानेपानीको उपयोग सम्झनु पर्छ र सो शब्दले अग्नी नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक



तुर्माखाँद गाउँपालिका

स्थानहरूमा प्रयोग गर्ने खानेपानीको उपयोगलाई समेत जनाउँछ ।

(ट) "खानेपानीको संस्थागत उपयोग" भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारिक संस्थाले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनु पर्छ र सो शब्दले औद्योगिक संस्थाले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने खानेपानी समेतलाई जनाउँछ ।

(ठ) "गाँउपालिका" भन्नाले तुर्माखाँद गाँउपालिका सम्झनु पर्छ ।

(ड) "गुणस्तरीय खानेपानी" भन्नाले मानव तथा पशु स्वास्थ्यका लागि हानिकारक तत्व नभएको गुणस्तरयुक्त स्वच्छ खानेपानी सम्झनु पर्छ र सो शब्दले मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक,जैवीक र रसायनिक

तुर्माखाँद गाउँपालिका

पदार्थहरु नरहेको पानी समेतलाई जनाउँछ ।

(ढ) "घरेलु उपयोग" भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्याक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्छ ।

(ण) "शौचालय" मानव मलमूत्र सुरक्षित रुपमा मानव सम्पर्कबाट अलग गर्ने सुविधा सहितको संरचनालाई जनाउँछ ।

(त) "ढल निकास " भन्नाले मानव मलमूत्र सहित वा रहित फोहोरपानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुनै तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनु पर्छ ।

(थ) “तोकिएको वा तोकिएबमोजिम” भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(द) “दिगो उपयोग” भन्नाले खानेपानी, जलस्रोत, जलीय पारिस्थितीकिय प्रणाली र यीनका अवयवहरु दीर्घकालिन रुपमा नघट्ने र पूर्ववत अवस्थामा रहनसक्ने तथा दीर्घकालिन रुपमा संचिति कायम गर्न सक्ने सीमा भित्र रहनेगरी गरिएको सदुपयोग सम्झनु पर्छ ।

(ध) “निर्देशक समिति” भन्नाले दफा ५९ बमोजिमको एकजल निर्देशक समिति सम्झनु पर्छ ।

(न) “पानीको स्रोत” भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, इनार, कुवा तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत

सम्झनु पर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई समेत जनाउँछ ।

(प) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तुर्माखाँद गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(फ) "फोहोरपानी" भन्नाले खानेपानीको घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात निष्काशन हुने मानव मलमूत्र सहित वा रहितको फोहोरपानी सम्झनु पर्दछ र सो शब्दले फोहोरपानीसँग मिसिएर आउने वर्षातको पानीलाई समेत जनाउँछ ।

(ब) "समन्वय समिति" भन्नाले गाँउपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति सम्झनु पर्छ र सो शब्दले वडा स्तरीय



तुर्माखाँद गाँउपालिका

खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिलाई समेत जनाउँछ ।

(भ) "सरसफाइ सेवा" भन्नाले फोहोर पानी व्यवस्थापन, मानव मलमूत्रीय फोहर व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्छ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहोर पानी प्रशोधन प्रणाली तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा प्रवर्द्धन गर्ने कार्यलाई समेत जनाउँछ ।

(म) "स्वच्छता" भन्नाले नियमित रुपमा शौचालयको प्रयोग गर्ने, नियमित रुपमा साबुन पानीले हात धुने, घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गर्ने, व्यक्तिगत सरसफाइ कायम गर्ने र घर भित्र र बाहिरका

तरल र ठोस फोहोर मैलाको उचित व्यवस्थापन गरी पूर्ण स्वच्छता कायम गर्ने कार्यलाई समेत जनाउँछ।

(य) "सामाजिक ब्यवहार परिवर्तन" भन्नाले आयोजनाको दिगोपना, पानीको उत्पादनशिल र बहु उपयोग, जल सुरक्षा, प्रदुषण न्यूनिकरण, स्वच्छता तथा जलस्रोत ब्यवस्थापनका लागि आवश्यक व्यक्तिगत, घरधुरी तथा समुदायले अवलम्वन गपर्ने सामान्य हितकर ब्यवहार सम्झनु पर्छ।

(र) "संगठित संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा सञ्चालन गर्नको लागि यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई जनाउँछ।

(ल) "सेवा प्रणाली" भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्दछ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ।

(व) "सेवा क्षेत्र" भन्नाले उपभोक्ता संस्थाले खानेपानी, सरसफाइ र स्वच्छता सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि निर्धारण गरिएको वा अनुमतिपत्रमा उल्लेख गरिएको क्षेत्र सम्झनु पर्छ।

## परिच्छेद- २

## खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार र खानेपानी प्रणालीसम्बन्धी व्यवस्था

३. **<u>खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार</u>** : गाँउपालिकामा रहेका प्रत्येक नागरिकलाई विना भेदभाव स्वच्छ खानेपानी तथा सरसफाइमा सहज र सुलभ पहुँचको अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार अन्तर्गत गाँउपालिकामा प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछ :-

(क) स्वच्छ खानेपानी तथा सरसफाइमा सहज र सुलभ पहुँचको अधिकार,

(ख) नियमित रुपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी भेदभाव रहित रुपमा प्राप्त गर्ने अधिकार,

(ग) गुणस्तरीय सरसफाइमा सहज र सुलभ रुपमा पहुँचको अधिकार,

(घ) आफ्नो हक हितको लागि उपभोक्ता संस्थाहरु संगठित हुने र उपभोक्ताहरुको पक्षमा पैरवी गर्ने ।

तुर्माखाँद गाउँपालिका

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी गाँउपालिका र सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यसका लागि गाँउपालिका र सम्बन्धित उपभोक्ता संस्थाले नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारसँग समन्वय गरी आवश्यक सहयोग प्राप्त गर्न सक्नेछन् ।

(४) गाँउपालिकाले आफनो क्षेत्रमा रहेका उपभोक्ता संस्थाहरुले आपूर्ति गर्ने खानेपानीको सुविधास्तर निर्धारण गर्न सक्नेछ र यस प्रयोजनका लागि खानेपानीको सुविधास्तरको लागि उपभोक्ता संस्थाहरुसँग छलफल गरी आवश्यक सूचकहरु निर्धारण गर्न सक्नेछ ।

४. **खानेपानीका स्रोतमा अधिकार** : (१) नेपालमा रहेको जलस्रोतमा स्वामित्व र अधिकार नेपाल राज्यमा निहित रहने छ ।

(२) गाउँपालिकामा जलस्रोतको उपयोग गर्दा खानेपानीलाई पहिलो प्राथमिकता प्रदान गर्नु पर्नेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि घरेलु उपयोगका लागि पानीको उपयुक्त परिमाणको व्यवस्था गरेर मात्र जलस्रोतको उपयोगसँग सम्बन्धित सिंचाई, जलविद्युत जस्ता आयोजना र अन्य प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ ।

(४) यस ऐन तथा प्रचलित कानून बमोजिम कुनै उपभोक्ता संस्था वा समुदायले सामुदायिक हित हुनेगरी परम्परागत रुपमा वा उपभोक्ता संस्थाका माध्यमबाट घरेलु, सार्वजनिक र संस्थागत प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीको परिमाण बराबरको जलस्रोतमा सोही प्रयोजनको लागि त्यस्तो उपभोक्ता संस्था वा समुदायको अधिकार सुरक्षित रहनेछ ।

(५) कुनैपनि खानेपानी प्रणालीबाट उपलब्ध भएको खानेपानी सेवा कुनै कारणले प्रभावित हुने भएमा अर्को वैकल्पिक व्यवस्था नभएसम्म प्रभावित व्यक्ति, बस्ती, समुदाय र सामाजिक संस्थालाई सो खानेपानी प्रणालीबाट खानेपानी सेवा प्राप्त गर्ने अधिकार सुरक्षित रहनेछ ।

(६) खानेपानी तथा सरसफाइ सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा प्रभावित उपभोक्ता संस्थाको सहमति लिनु पर्नेछ ।

(७) कुनै विकास परियोजना वा आयोजनाका कारण उपभोक्ता संस्थाद्वारा सञ्चालित वा परम्परागत रुपमा सञ्चालित खानेपानी आपूर्ति प्रणाली वा संरचनामा क्षति भएमा उक्त परियोजना वा आयोजनाले

प्रभावित उपभोक्ता संस्थालाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै प्रभावित खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार गर्नु पर्नेछ ।

(८) नेपाल सरकार वा प्रदेश सरकारले .गाउँपालिकामा रहेको खानेपानीका स्रोतबाट खानेपानी संकलन तथा प्रशोधन गरी निर्यात वा अन्य कुनै व्यापार गर्ने कुनै संस्थालाई अनुमतिपत्र दिनुपूर्व गाउँपालिका र प्रभावित उपभोक्ता संस्था वा समुदायको पूर्व सहमति लिनु पर्नेछ ।

(९) कुनै व्यक्तिको निजी जग्गामा रहेको पानीको स्रोतलाई आफ्नो घरेलु प्रयोजनका लागि उपयोग गर्न पाइने छ र निजी जग्गाको पानीको स्रोतलाई सामुहिक हितका लागि सामुदायिक रुपमा खानेपानी आपूर्ति गर्ने उपभोक्ता संस्थाले पनि उपयोग गर्न सक्नेछ र त्यसमा जग्गा धनी वा अरुले कुनै किसिमको प्रतिबन्ध लगाउन हुदैन ।

**५.** <u>**पानीको स्रोत तथा मुहानको संरक्षण**</u> : (१) खानेपानी तथा सरसफाइमा योगदानका लागि खानेपानीका मुहान तथा स्रोत संरक्षण गर्नु सबै नागरिक, स्थानीय समुदाय, संघ संस्था, गाउँपालिका र निकायको कर्तव्य हुनेछ ।

(२) गाउँपालिकामा रहेका खानेपानीको स्रोत तथा मुहानको संरक्षणका लागि गाउँपालिकामा र

सम्बन्धित उपभोक्ता संस्थाको समन्वयमा देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ :-

(क) खानेपानीको स्रोत संरक्षणको लागि जलाधार, उपजलाधार, क्याचमेन्ट ९अबतअजकभलत०, पानी निश्रृत भएर आउने मुलाधार, सिमसार र वन क्षेत्र संरक्षण गरी बाढी, पैह्रो नियन्त्रण गर्ने,

(ख) खानेपानीको मूल वा मुहानलाई दिगो बनाई राख्न नियमित रुपमा मर्मत सम्भार र सरसफाइ गर्ने,

(ग) खानेपानीको स्रोतलाई प्रदुषण हुन नदिने र पानीको स्रोत नष्ट वा लोप हुनबाट बचाउने,

(घ) खानेपानीको संरक्षण, जल सुरक्षा, स्वच्छता तथा बहुउपयोग र समुचित उपयोगका बारेमा खानेपानी उपभोक्ता वा सम्बन्धित पक्षहरुलाई सचेतना तथा

ब्यवहार परिवर्तनका लागि क्षमता अभिवृद्धि गर्ने ।

(ङ) खानेपानीको स्रोत प्रदूषण हुन नदिन तथा पानीको मूल वा वहाव क्षेत्रको संरक्षणका लागि जैविक खेती गर्न र चरीचरण तथा आगलागी नियन्त्रण गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने ।

(च) खानेपानीको मूहान वा वहाव क्षेत्र वा सो क्षेत्रका प्रणालीमा प्रतिकूल असर पर्नेगरी विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने ।

(छ) खानेपानीको स्रोत र वहाव प्रणालीमा हुने प्रदुषणको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक पर्ने अन्य कार्यहरु गर्ने ।

(३) गाउँपालिकामा रहेका उपभोक्ता संस्थाले अन्य छिमेकी गाउँपालिकाको क्षेत्रमा रहेको मुहान वा स्रोतबाट खानेपानी ल्याएको भएमा त्यस्तो क्षेत्रको खानपानीको मूहान तथा स्रोत संरक्षणका लागि सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नु पर्नेछ ।



तुर्माखाँद गाउँपालिका

(४) यदी कुनै संगठित सस्था वा प्रतिष्ठानले व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त गरेको छ भने त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो स्रोत साधन प्रयोग गरी उपदफा (२) बमोजिमका कार्यहरु गर्नु पर्नेछ ।

(५) खानेपानीको प्रयोजनका लागि निर्माण गरिएका कुनै पनि प्रकारका धाराहरुबाट पानी प्रयोग गर्ने समयमा बाहेक अन्य समयमा पानी खेर फाल्न पाइने छैन ।

६. **<u>नागरिकको कर्तव्य</u>** : खानेपानीका स्रोत तथा मुहानको संरक्षण, स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामा पहुँच प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति, तथा खानेपानीको दिगो उपयोग सुनिश्चित गर्नका लागि प्रत्येक नागरिकको देहाय बमोजिमको कर्तव्य हुनेछ :-

(क) खानेपानीको स्रोत, मूल वा मुहान, ताल, तलाउ, पोखरी तथा सिमसारको संरक्षण र दिगो उपयोग गर्ने, गराउने,

(ख) खानेपानीको स्रोत, मूल वा मुहान, ताल, तलाउ, पोखरी तथा सिमसारलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा क्षती वा

प्रदुषण हुन सक्ने चरीचरण लगायतका कृयाकलाप नगर्ने र अरुलाई पनि निरुत्साहित गर्ने,

(ग) खानेपानीको स्रोत, मूल वा मुहान,ताल तलाउ पोखरी तथा सिमसारलाई प्रदुषण हुनबाट बचाउने, प्रदुषणको राकथाम र नियन्त्रण गर्ने,

(घ) संवेदनशिल जलाधार, उप-जलाधार, क्याचमेन्ट ( अबतअज्ञभलत० तथा मुलाधार क्षेत्र ९कउचष्लन कजभम० को र त्यसनको उपल्लो तटीय क्षेत्रकोसमेत संरक्षण गर्ने,

(ङ) खानेपानीको स्रोत, पाईप, इन्टेक, रिजरभायर तथा अन्य संरचनाको संरक्षण र सुरक्षा गर्ने,

(च) खानेपानीका महसुल समयमा बुझाउने र संञ्चालन तथा मर्मत कोषमा सक्दो योगदान बर्षेनी दिने,

(छ) खेर गएको पानीको आवश्यकता अनुसार बहुउपयोग गर्ने,

(ज) मर्यादित महिनावारी व्यवस्थापनको मान्यता अनुसारको प्रवन्ध मिलाई महिनावारीको समयमा खानेपानी तथा सरसफाईको क्षेत्रमा लिङ्ग, जात जातियताको आधारमा गरिने विभेद लगायत कुनै पनि किसिमको विभेद नगर्ने, नगराउने,

(झ) पानीको स्रोत र मुहानको प्रदुषण गर्न सक्ने ठोस वा लेदो फोहरमैला, माटो, ढुङ्गा, खरानी, मलमुत्र, रासायनिक फोहरमैला बिसर्जन, निष्कासन वा फ्याक्ने कार्य वा क्रियापलाप नगर्ने, र

(ञ) नियमित रुपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी तथा सरसफाइमा सहज र सुलभ रुपमा पहुँचमा लिङ्ग, जात, जातियता, धार्मिक आस्थाको

आधारमा कुनैपनि किसिमको विभेद नगर्ने ।

७. **फोहर पानीको व्यवस्थापन गर्ने** ः (१) गाउँपालिकाले खानेपानीको घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात निष्काशन हुने मानव मलमूत्र रहितको फोहोरपानी र फोहोरपानीसँग मिसिएर आउने वर्षातको पानीको व्यवस्थापन गर्ने समय सापेक्ष योजना वा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न सक्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम फोहोरपानीको व्यवस्थापन गर्न तर्जुमा तथा कार्यान्वयन गर्ने योजना वा कार्यक्रम सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

८. **समुदायमा आधारित खानेपानी र सरसफाइ सेवा सम्बन्धमा गाउँपालिकाको जिम्मेवारी :** खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई सहज र दिगो रुपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपलब्ध गराउन सक्षम र सवल बनाउन गांउपालिकाले देहाय बमोजिमका कार्य गर्न गराउन सक्नेछ :-

(क) खानेपानीको स्रोत, मूल वा मुहान, ताल तलाउ तथा पोखरी, तथा सिमसारको

संरक्षण र दिगो उपयोग गर्ने, गराउने,

(ख) खानेपानीको स्रोत, मूल वा मुहान, ताल, तलाउ तथा पोखरी तथा सिमसारलाई र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा क्षति वा प्रदुषण हुन सक्ने चरीचरण लगायतका क्रियाकलापलाई प्रतिबन्ध गर्ने,

(ग) पानीका स्रोतहरु संरक्षणका लागि संरक्षण तथा पुर्नभरण पोखरी, बृक्षारोपण, जैविक तटबन्धका क्रियाकलापहरु सञ्चालन गर्ने,

(घ) संरक्षणको आवश्यकता भएका संवेदनशिल जलाधार, उपजलाधार, तथा मुलाधार क्षेत्र (spring shed) को उपल्लो तटिय क्षेत्रमा खुला चरिचरनमा रोक लगाउनुका साथै भु-व्यवस्थापन र वन क्षेत्र विस्तार र विकासमा जोड दिने,

तुर्माखाँद गाउँपालिका

(ङ) स्रोत संरक्षणका क्रियाकलापहरुलाई दिगो हिसावले सञ्चालन गर्न वातावरणिय सेवा भुक्तानीको अवधारणलाई कार्यान्वयन गर्ने, गराउने,

(च) खानेपानीको स्रोत, मूल वा मुहान, ताल तलाउ तथा पोखरी तथा सिमसारलाई प्रदुषण हुनबाट बचाउने, प्रदुषणको रोकथाम र नियन्त्रण गर्ने, गराउने,

(छ) खानेपानीको पाईप, ईन्टेक, रिजरभायर तथा अन्य संरचनाको संरक्षण गर्ने, गराउने,

(ज) पानी सुरक्षा योजना तर्जुमा तथा कार्यान्वयन गर्न उपभोक्ता संस्थालाई आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने, गराउने,

(झ) सञ्चालन तथा मर्मत सम्भार कोषमा अनुदान दिने,



तुर्माखाँद गाउँपालिका

(ञ) पानीको बहुउपयोग गरि अन्य आयमुलक कार्यहरु गर्ने,

(ट) खानेपानी सरसफाई तथा स्वच्छता संरचना निर्माण गर्दा वालवालिका र अपाङ्गता मैत्रीका साथै उपभोगकर्ता मैत्री खानेपानी सरसफाइ संरचना निर्माण गर्ने र सेवा र सुबिधा प्रदान गर्ने,

(ठ) उपभोक्ता संस्थाको क्षमता अभिबृद्धि गर्न तालिम, गोष्ठिको संचालन गर्ने गराउने,

(ड) पानीको स्रोत र मुहानको प्रदुषण गर्न सक्ने ठोस वा लेदो फोहरमैला, माटो, ढुङ्गा खरानी, मलमुत्र, रासायनिक फोहरमैला बिसर्जन गर्न, फ्याक्न वा निष्कासन प्रतिबन्ध गर्ने,

(ढ) ढुङ्गा गिट्टी, माटो, वालुवा निकाल्न वा ओसार पसार गर्न वा खनिज पद्धार्थको अन्वेषण गर्न वा उत्खनन गर्न प्रतिबन्ध गर्ने,

(ण) स्रोतलाई क्षतिपुर्ति वा प्रदुषण हुने गरी कुनैपनि किसिमका भौतिक संरचना निर्माण गर्न प्रतिबन्ध लगाउने,

(त) खानेपानीको स्रोत तथा मुहानको निश्चित दुरीमा नाफामुलक व्यवसायिक रुपमा पशुपक्षी पालन प्रतिबन्ध गर्ने, र

(थ) उत्कृष्ट काम गर्ने समिति र मर्मत सम्भार कार्यकर्तालाई प्रोत्साहन गर्ने ।

९. **जलस्रोतको दिगो उपयोग गर्नु पर्ने** : प्रत्येक व्यक्ती, संगठित संस्था वा गाउँपालिकाले जलस्रोत दिगो उपयोग सुनिश्चित गर्न देहाय बमोजिम गर्नु वा गराउनु पर्नेछ :-

(क) जलस्रोतको गुणस्तर कायम राख्ने र निरन्तर प्रवाह वा आपुर्ती समेत सुनिश्चित गर्नका लागि जलस्रोतको संरक्षण, सुधार, पुर्नस्थापना र सुरक्षा गर्ने,

(ख) जलस्रोत र जलीय पारिस्थितिकीय कार्य, सेवा तथा



तुर्माखाँद गाउँपालिका

बस्तुहरुले दिगो रुपमा जलस्रोत र जलीय पारिस्थितिकिय सेवा र वस्तुहरु प्रदान गर्न सक्ने क्षमता कायम हुने गरी दिगो उपयोग गर्ने वा गराउने,

(ग) जलस्रोत तथा जलीय पारिस्थितीकिय प्रणालीहरुको जिव धान्ने (षिभ कगउउयचतष्लन) क्षमता लगायत अन्य क्षमता अभिबृद्धी गर्ने, र

(घ) जलस्रोत, र जलीय जैविक विविधताको स्वस्थता कायम राख्न त्यस्ता स्रोतको धान्न सक्ने तथा पुर्ननविकरण वा पूर्नउत्पादन हुनसक्ने क्षमता वा सिमा भित्र रही दिगो उपयोग गर्ने गराउने ।

१०. **जलस्रोत संरक्षण योजना तर्जुमा गर्ने** : (१) जलस्रोतको संरक्षण, दीगो उपयोग तथा स्वच्छ र स्वस्थ जल वातावरण कायम गरी सोको सम्वर्द्धन तथा प्रवर्द्धन गर्ने उद्देश्यले गाउँपालिकाले जलस्रोत संरक्षण योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको जलस्रोत संरक्षण योजनामा देहाय बमोजिमका विषयबस्तु समावेश गर्नु पर्नेछ :-

(क) यस ऐनको उद्देश्य प्राप्तिका लागि उपयुक्त सिद्धान्त तथा नीतिहरु उल्लेख गर्ने र ती उद्देश्य प्राप्त गर्नका लागि :

(१) गाउँपालिकाको जलस्रोतको स्थिति (State of Water Resources) र अवस्थाको लेखाजोखा गर्ने,

(२) गाउँपालिकाको जलस्रोतको वर्तमान र भविष्यमा हुन सक्ने क्षति वा ह्रासको जोखिमको पहिचान तथा लेखाजोखा गर्ने,

(३) गाउँपालिकाको जलस्रोतको स्थिति र अवस्थाको समय समयमा अनुगमन

तथा मूल्यांकन सम्बन्धी व्यवस्था समावेश गर्ने

(ख) जलस्रोतको प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली र यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्धको संरक्षण तथा व्यवस्थापनका बिभिन्न पक्ष वा आयाम,

(ग) स्वच्छ र स्वस्थ जलस्रोत भावी सन्ततिलाईसमेत उपलब्धता सुनिश्चित गर्नका लागि अपनाउनु पर्ने संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका उपाय,

(घ) भौतिक विकास सम्बन्धी निर्णय प्रक्रियाहरुमा स्वच्छ र स्वस्थ जलीय वातावरण कायम गर्न आबश्यक दिर्घकालिन तथा अल्पकालिन आर्थिक, वातावरणिय, सामाजिक एवं

समन्यायिक पक्षहरुको मूलप्रवाहीकरण,

(ङ) वर्तमान पुस्ताले भावी सन्ततीको लाभका लागि जलस्रोत तथा जलीय वातावरणको स्वास्थ्य, विविधता र उत्पादकत्व कायम र अभिबृद्धि सुनिश्चित गर्न अपनाउनु पर्ने उपाय,

(च) सरकारी, निजी तथा सामुदायिक क्षेत्रबाट हुने क्रियाकलाप वा निर्णयले जलस्रोत तथा जलीय पारिस्थितिकिय प्रणालीको विविधतामा पुऱ्याउन सक्ने सम्भावित उल्लेखनीय क्षतिका रोकथाम तथा न्यूनिकरणका पक्ष,

(छ) जलीय प्रदुषणको रोकथाम तथा नियन्त्रणका बिभिन्न पक्ष वा आयाम,

(ज) जलस्रोत तथा जलीय पारिस्थितिकिय प्रणालीको संरक्षण,



तुर्माखाँद गाउँपालिका

संम्वर्द्धन, दीगो उपयोग र जलस्रोत तथा जलीय पारिस्थिकिय स्रोत वा सेवाको उपयोगबाट प्राप्त लाभको समन्यायिक वितरणसँग सम्बन्धित परम्परागत र स्थानीय अभ्यास,

(झ) जलस्रोत संरक्षण योजनामा समावेश गर्नु पर्ने अन्य विषयवस्तुहरु तोकिए बमोजिम हुनेछ ।.

११. **<u>खानेपानी तथा सरसफाइ प्रणाली</u>** : (१) गाँउपालिका भित्र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहने उपभोक्ता संस्थाका माध्यमबाट सामुहिक रुपमा स्वच्छ, सुरक्षित तथा गुणस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

(२) भौगोलिक जटिलता, बढी लागत तथा विशिष्टकृत प्राविधिक सीपको आवश्यकता र दक्ष मानव संसाधनको आवश्यकता पर्ने भई गाँउपालिका र उपभोक्ता संस्थाले मात्र सम्पन्न गर्न नसक्ने प्रकृतिका खानेपानी तथा सरसफाइ आयोजनाको सहलगानीमा निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि

गाँउपालिका र उपभोक्ता संस्थाले नेपाल सरकार वा प्रदेश सरकारसँग सहयोग माग वा विकास साझेदार र गैह्र सरकारी संस्थाको सहयोग स्वीकार गर्न सक्नेछन् ।

(३) खानेपानी तथा सरसफाइ आयोजनाको निर्माण गर्दा र भौतिक संरचना बनाउँदा उपभोक्ता संस्थाले आफै निर्माण गर्नु पर्नेछ र उपभोक्ता संस्थाले निर्माण गर्न नसक्ने प्रकृतिका र सहलगानीका वा बहुवर्षिय आयोजनाको भौतिक संरचनाको निर्माणका लागि मात्र प्रतिष्पर्धाका आधारमा निर्माण व्यवसायी छनौट गर्न सकिनेछ ।

(४) गाउँपालिकाले सतह तथा भूमिगत पानीको स्रोत पर्याप्त नभएको क्षेत्रमा नागरिकलाई खानेपानी उपलब्ध गराउनको लागि आकाशे पानी संकलन गर्ने तथा अन्य उपयुक्त प्रविधि वा प्रणाली निर्माणका लागि नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदार वा गैह्र सरकारी संस्थासँग समन्वय गरी आर्थिक तथा प्रविधिक सहयोग उपलव्ध गराउन सक्नेछ ।

(५) कुनै उपभोक्ता संस्थाले गाउँपालिका सहित अन्य स्थानीय तहको क्षेत्रमा समेत खानेपानी तथा सरसफाइ सेवा आपूर्ति गरेको रहेछ भने उक्त उपभोक्ता संस्थालाई दुबै तथा सम्बन्धित सबै स्थानीय तहबाट सहयोग गर्न सक्नेछ ।

(६) उपभोक्ता संस्थाले आफूले सञ्चालन गरेको खानेपानी आपूर्ति प्रणालीको पानीको स्रोत र परिमाण, उपभोक्ता घरधुरी संख्या र जनसंख्या, पदाधिकारी, लैङ्गिक तथा सामाजिक समावेशीकरणको अवस्था, लगानी रकम, शुल्क तथा महशुल दर, सम्पर्क र गुनासो सुनुवाई संयन्त्र जस्ता आधारभूत जानकारीहरु बारे सूचनापाटी तयार गरी सार्वजनिक स्थलमा राख्नु पर्नेछ।

१२. **खानेपानी आयोजना र संरचनाको हस्तान्तण** : (१) गाउँपालिकाको क्षेत्र भित्र नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका स्वयंले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाइ आयोजना र सो सम्बन्धी संरचनाहरु खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सकिने छ।

## परिच्छेद-३

## समुदायमा आधारित खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सम्बन्धी व्यवस्था

१३. **खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको गठन** : (१) गाउँपालिकाको कुनै क्षेत्र वा बस्तीमा सामुदायिक हित र सामुहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा र बहुउपयोगी प्रणाली सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गर्न सक्नेछन्।

(२) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन नभएका क्षेत्रमा गाउँपालिकाले उपभोक्ता संस्था गठनका लागि आवश्यक सहयोग र सहजीकरण गर्न सक्नेछ ।

(३) कुनै एउटा खानेपानीको स्रोत उपयोगका लागि उपभोक्ता संस्था स्थापना भइसकेकोमा सोही खानेपानीको स्रोत प्रयोग गर्नेगरी अर्को उपभोक्ता संस्था दर्ता गर्न पाइने छैन ।

(४) यो ऐन लागु हुनुपूर्व प्रचलित कानून बमोजिम जिल्ला जलस्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्था, समूह, समितिहरु मध्ये प्रचलित संघीय र प्रदेश कानून बमोजिम गाउँपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, समूह, समितिहरु यो ऐन लागु भएपश्चात् यस गाउँपालिकामा आफ्नो साविक विधान र दर्ता प्रमाणपत्र पेश गरी उपभोक्ता संस्था अद्यावधिक हुनु पर्नेछ । तर यस प्रयोजनका लागि नयाँ उपभोक्ता संस्था दर्ता गर्नु पर्ने छैन ।

(५) उपदफा (४) को प्रयोजनका लागि जिल्ला जलस्रोत समितिले आफ्नो कार्यालयमा दर्ता रहेका तर यस गाउँपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी

भित्र पर्ने खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुको दर्ता अभिलेख, फाइल र सम्बन्धित कागजातहरु यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा गाउँपालिकामा हस्तान्तरण गर्नुपर्नेछ ।

(६) गाउँपालिकामा दर्ता वा अद्यावधिक भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्रमा आफ्नो लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(७) कुनै क्षेत्रमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरु एक आपसमा गाभिन वा आवश्यकताका आधारमा अलग अलग हुन सक्नेछन् ।

(८) उपभोक्ता संस्था सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. **<u>खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको गठन तथा दर्ता प्रकृया</u>** : (१) उपभोक्ताहरू वा समुदायका सदस्यहरुले गाउँपालिकाको कुनै क्षेत्र वा वस्तीमा सामुदायिक हित र सामुहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा, बहुउपयोगी प्रणाली सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गर्न कार्यपालिकाको कार्यालयमा वडा समितिको सिफारिस

सहित खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको गठन गर्नका लागि लिखित रुपमा निवेदन दिनु पर्नेछ । उपभोक्ता समिति गठन गर्दा वडा कार्यालयको प्रतिनिधिको रोहबरमा गठन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता संस्था गठन गर्नका लागि निबेदन दिंदा खानेपानीको स्रोत वा मुहानको समेत दर्ता गर्ने व्यहोरा समेत उल्लेख गर्नु पर्नेछ र उपभोक्ता संस्था दर्ता गर्दा उक्त उपभोक्ता संस्थाको निवेदनमा उल्लेख भए वमोजिमको खानेपानीका स्रोत वा मुहान त्यस अघि कुनै खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था वा संगठित संस्थाको नाममा दर्ता भएको छैन भने निवेदक उपभोक्ता संस्थाको नाममा दर्ता गरी दिनु पर्नेछ ।(३) प्रमुख प्रशासकीय अधिकृतले यथाशक्य चाँडो प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम गाउँपालिकाका कर्मचारीले सम्बन्धित वडा कार्यालय समेतको सहयोग लिई समूह गठन गर्न र त्यसको विधान तयार गर्न समुदायलाई सहयोग गर्नु पर्नेछ । उपभोक्ता संस्थाको विधानमा अन्य कुराहरुको अतिरिक्त दफा १५ मा उल्लेखित कुराहरुको सम्बन्धमा व्यवस्था गरिएको हुनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम तयार भएको विधानमा उल्लेख भए अनुरुप खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको भाग वा क्षेत्रमा अवस्थित घरधुरी सदस्य रहने गरी उपभोक्तहरुको एक समूह गठन गरी उपभोक्ता संस्थाको विधान सहित अनुसूची- १ बमोजिमको ढाँचामा कार्यपालिकाको कार्यालयमा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था दर्ता गराउन उपभोक्ताहरुको समूह भेला गराई उक्त भेलाको निर्णय तथा उक्त भेलामा उपस्थित प्रत्येक घरधुरीका एक एक व्यक्तिको सहिछाप सहित दरखास्त दिनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिमको दरखास्त दिने समूह त्यसको विधान अनुरुप गठन भएको देखिन आएमा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई दर्ता गरी यस ऐन तथा कार्यपालिकाले तोकिदिएको शर्तहरु पालन गर्न कबूलियतनामा गराई अनुसूची- २ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

**१५. उपभोक्ता संस्थाको विधान** : (१) उपभोक्ता संस्थाको विधानमा देहाय बमोजिमका व्यवस्थाहरु समावेश गर्नु पर्नेछ :

(क) उपभोक्ता संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र र स्रोत,

(ख) उपभोक्ता संस्थाको उद्देश्य र कार्यहरु,

(ग) उपभोक्ता संस्थाले सहज र दिगो रुपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा कुनै पनि प्रकारको भेदभाव रहित तबरले उपलब्ध गराउन अपनाउने उद्देश्य र सञ्चालन गर्ने कार्यहरु सम्बन्धी व्यवस्था,

(घ) खानेपानीको गुणस्तर कायम राख्ने र निरन्तर प्रवाह वा आपुर्तिसमेत सुनिश्चित गर्नका लागि जलस्रोतको संरक्षण, सुधार, पुर्नस्थापना र सुरक्षा सम्बन्धी व्यवस्था,

(ङ) खानेपानीको स्रोत, मूल वा मुहान, ताल तलाउ, पोखरी, तथा सिमसारको संरक्षण र दिगो उपयोग, प्रदुषणको रोकथाम तथा नियन्त्रण र खानेपानीको स्रोत, मूल वा

मुहानको क्याचमेन्ट (catchment) संरक्षण, सुधार र सुरक्षा सम्बन्धी व्यवस्था,

(च) खानेपानी सरसफाई तथा स्वच्छता संरचना निर्माण गर्दा वालवालिका र अपाङ्गता मैत्रीका साथै उपभोगकर्ता मैत्री खानेपानी सरसफाइ संरचना निर्माण गर्ने र सेवा र सुबिधा प्रदान गर्ने सम्बन्धी व्यवस्था,

(छ) पानी सुरक्षा योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी व्यवस्था,

(ज) प्रस्तावित उपभोक्ता संस्थामा समूहका एकल महिला, अपाङ्ग, बालवालिका, दलित, आदिवासी जनजाति र विपन्न घरधुरी सदस्यका लागि समन्यायिक पहुँच, दिगो उपयोग र लाभको समन्यायिक बाँडफाँड सम्बन्धी प्रावधान,

(झ) एकल महिला, अपाङ्ग, दलित, आदिवासी जनजाति र विपन्न

घरधुरीका सदस्यलाई प्रदान गरिने विशेष सुविधा, सहुलियत र प्रतिफलको विवरण,

(ञ) समूहको सदस्यता, सदस्यता प्राप्ति सम्बन्धी व्यवस्था तथा शुल्क, सदस्यता समाप्ती सम्बन्धी व्यवस्था,

(ट) समूहको सदस्यता प्रदान गर्दा एकल महिला, अपाङ्ग, सिमान्तकृत तथा बिपन्न घरधुरि तथा युवालाई प्राथमिकता दिने सम्बन्धी व्यवस्था,

(ठ) सदस्यता शुल्क, सदस्यता शुल्क छुट, र सदस्यता नरहने जस्ता व्यवस्था,

(ड) वार्षिक साधारण सभा, विशेष साधारण सभा तथा साधारण सभाका काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था, कार्यहरु,

(ढ) कार्यसमितिको गठन,

(ण) कार्यसमितिका प्रमुख पदहरुमा महिला, दलित, आदिवासी जनजाति र विपन्न घरधुरी तथा युवाको प्रतिनिधित्व सुनिश्चत गर्ने सम्बन्धी व्यवस्था,

(त) कार्य समितिको काम, कर्तव्य र अधिकार, पदाधिकारी तथा सदस्यको काम, कर्तव्य तथा अधिकार,

(थ) कार्यसमितिको बैठक र कार्यविधि

(द) कार्य समितिका पदाधिकारी वा सदस्यको जिम्मेवारी समाप्त हुने अवस्था,

(ध) अविश्वासको प्रस्ताव,

(न) उपभोक्ता संस्थाको कोष, सेवा शुल्क र आर्थिक स्रोत संकलन तथा चल अचल सम्पत्ति व्यवस्थापन, लेखा परीक्षण,

तुर्माखाँद गाउँपालिका

(प) हेरालु र ग्रामिण मर्मत सम्भार कार्यकर्ता तथा अन्य कर्मचारी सम्बन्धी व्यवस्था,

(फ) सञ्चालन तथा मर्मत सम्भारकोष सम्बन्धी व्यवस्था,

(ब) निर्वाचन सम्बन्धी व्यवस्था,

(भ) विविध विधान संशोधन, संस्था विघटन, विनियम बनाउन सक्ने जस्ता विविध व्यवस्था,

(म) विधान विपरित काम गर्ने समूहका सदस्यहरुलाई दिईने सजाय र समूहका सदस्यलाई सजाय दिंदा पूरा गर्नु पर्ने कार्यविधि, र

(य) कार्यपालिकाले तोकेका अन्य विषयवस्तुहरु ।

(२) उपभोक्ता संस्थाको विधानमा स्थानीय आश्यकता र उपभोक्ता संस्थाले सञ्चालन गर्ने खानेपानी आयोजनाको प्रकृतिका आधारमा थप व्यवस्थाहरु समावेश गर्न सकिनेछ ।

१६. **खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था सङ्गठित संस्था हुने :** (१) खानेपानी तथा सरसफाइ उपभोक्ता

संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, संगठित र गैरनाफामूलक सामाजिक संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुरी गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

१७. **<u>लैङ्गिक समानता सामाजिक समावेशीता तथा समन्याय कायम गर्नु पर्ने</u> :** (१) उपभोक्ता संस्थाका साधारण सदस्यमा कम्तिमा एकाउन्न प्रतिशत महिला, एकल महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गका सदस्य हुनु पर्नेछ ।

(२) कार्यसमितिका सदस्य मध्ये कम्तिमा चार सदस्य महिला, दलित,जनजाति वा युवा समुदायबाट हुनु पर्नेछ ।

(३) कार्यसमितिको अध्यक्ष, सचिव, र कोषाध्यक्ष पद मध्ये कुनै दुई प्रमुख पदमा महिलाको प्रतिनिधित्व हुनु पर्नेछ ।

(४) उपभोक्ता संस्थाले महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न सदस्यलाई अन्य सदस्यको तुलनामा समन्यायिक पहुँच र लाभको समन्यायिक वितरण सुनिश्चित गर्नका लागि समूहका महिला, दलित, आदिवासी जनजाति, तथा विपन्न सदस्यलाई खानेपानी, सरसफाइ र स्वच्छता सेवाको व्यवस्थापन र सञ्चालनमा अन्य सदस्य भन्दा कम्तीमा पचास प्रतिशत भन्दा बढी पहुँच दिनु पर्नेछ ।

**स्पष्टीकरण** : उपदफा (४) को प्रयोजनको लागि “समन्यायिक पहुच र लाभको समन्यायिक वितरण” भन्नाले उपभोक्ता संस्थाका सदस्यहरु मध्ये महिला, एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, असहाय तथा विपन्न सदस्यलाई अरु सदस्य भन्दा महसुल पुर्ण वा आंसिक मिनाहा गर्ने वा नगद वा श्रम योगदान गर्न पर्दा पनि पुर्ण वा आसिंक मिनाहा दिने जस्ता उपाय सम्झनु पर्छ ।

१८. **उपभोक्ता संस्थाको कार्यसमिति** : (१) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको कार्यसमिति कम्तिमा नौ र बढीमा तेह्र सदस्यीय हुनु पर्नेछ र कार्यसमिति गठन गर्दा उपभोक्ता संस्थाको क्षेत्रभित्रका विभिन्न जातजातिको प्रतिनिधित्व र सामाजिक समावेशीकरणलाई ध्यान दिनु पर्नेछ ।

(२) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको कार्यसमतिको कार्यकाल ३ वर्षको हुनेछ ।

(३) कुनै पनि व्यक्तिले अध्यक्षको रुपमा बढीमा दुई कार्यकाल मात्र काम गर्न पाउने छ र कुनै पनि व्यक्ति कुनै एउटै पदमा दुई पटक भन्दा बढी दोहोरिएर पदाधिकारी बन्न पाउने छैन ।

(४) उपभोक्ता संस्थाको कार्यसमितिको गठन वा विघटन उपभोक्ता संस्थाको साधारण सभाले मात्र गर्न सक्नेछ ।

(५) उपभोक्ता संस्थाको प्रत्येक वर्ष साधारण सभा आयोजना गरी वार्षिक कार्यक्रम र लेखा परीक्षण प्रतिवेदन पारित गर्नु पर्नेछ र आवश्यकता अनुसार विशेष साधारण सभा पनि आयोजना गर्न सकिनेछ ।

(६) उपभोक्ता संस्थाको साधारण सभा आयोजना गर्नका लागि गाउँपालिका र सम्बन्धित निकायले आवश्यकता अनुसार सहयोग तथा सहजीकरण गर्न सक्नेछन् ।

१९. **उपभोक्ता संस्थाको कोष** : (१) उपभोक्ता संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) कोषमा देहायका रकमहरु जम्मा गरिनेछः-

(क) सदस्यता शुल्क बाट प्राप्त रकम,

(ख) खानेपानी तथा सरसफाइ सेवा शुल्क,

(ग) जलीय जल वातावरण मैत्री उद्यम वा पर्यापर्यटन कार्यक्रम संचालनबाट प्राप्त रकम,

(घ) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ङ) कुनै स्वदेशी व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम वा पुरस्कार,

(च) यस ऐनको उलघंन भएको अवस्थामा गाउँपालिकाले गरेको जरिवानाबाट उठेको रकमको ४० प्रतिशतका दरले प्राप्त रकम,

(छ) उपभोक्ता संस्थाले यस ऐन अर्न्तगत गरेको जरिवानाबाट प्राप्त रकम,

(ज) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपभोक्ता संस्थाको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

(४) उपभोक्ता संस्थाले आफ्नो कोषमा भएको रकमलाई खानेपानी तथा सरसफाइ आयोजनाको दिगोपना तथा मर्मत सम्भार गर्न र अन्य कुनै निकायहरुसँगको सहलगानीमा खानेपानी तथा सरसफाइ आयोजना सञ्चालनका लागि समेत सदुपयोग गर्न सक्नेछ ।

२०. **उपभोक्ता संस्थाको कोषको संचालन** : (१) उपभोक्ता संस्थाको कोषमा जम्मा भएको रकम बैंकमा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको नाममा खाता खोली जम्मा गर्नु पर्नेछ र सो खाता कोषाध्यक्ष र कार्यसमितिले तोकेको दुई जना पदाधिकारी वा सदस्य मध्ये कुनै एक जनाको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) उपभोक्ता संस्थाको कोषाध्यक्ष पदमा महिला निर्वाचित नभएको अवस्थामा, उपदफा (१) बमोजिम कार्यसमितिले एक जना पदाधिकारी तोक्दा महिला पदाधिकारीलाई तोक्नु पर्नेछ ।

(३) उपभोक्ता संस्थाको कोषको ब्यवस्थापन, खाता संचालन तथा संस्थागत विकासका लागि गाउँपालिकाले तालिमको व्यवस्था गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाको आम्दानी र खर्चको बार्षिक लेखापरीक्षण उपभोक्ता संस्थाको साधारण सभाले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि साधारण सभाले लेखापरिक्षक तोक्दा कुनै लेखापरिक्षण कम्पनीलाई लगातार दुई आर्थिक बर्ष भन्दा बढी तोक्न पाउने छैन ।

(६) उपदफा (४) बमोजिमको लेखापरीक्षण उपभोक्ता संस्थाले आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र गराई लेखापरीक्षण प्रतिवेदनको एक प्रति गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(७) प्रमूख प्रशासकीय अधिकृत वा निजले खटाएको कर्मचारीले उपभोक्ता संस्थाले राखेको आम्दानी र खर्चको लेखा समय समयमा जाँचबुझ गर्न सक्नेछ ।

(८) कोषको सञ्चालन सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. **सदस्यता शूल्क तथा सेवा शूल्क निर्धारण गर्दा ध्यान दिनु पर्ने** : (१) उपभोक्ता संस्थाको सदस्यता शूल्क निर्धारण गर्दा उपभोक्ता संस्थाका एकल महिला, दलित, आदिबासी जनजाति तथा विपन्न घरधुरी सदस्यले समेत बेहोर्न सक्ने मनासीव रकम मात्र तोक्नु पर्नेछ ।

२२. **नविकरण गराउनु पर्ने** : उपभोक्ता संस्थाले प्रत्येक दुई दुई वर्षमा आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र सम्बन्धित वडा कार्यालयको सिफारिस सहित कार्यपालिकाको कार्यालयमा उपभोक्ता संस्थाको नविकरण गराउनु पर्नेछ ।

२३. **विधानमा संशोधन** : (१) उपभोक्ता संस्थाले उपभोक्ता संस्थाको विधानको संसोधन गर्नु पर्ने भएमा संसोधन सम्बन्धि प्रस्ताव समूहको साधारण सभाको दुई तिहाई बहुमतको निर्णयबाट पारित गराई सो बमोजिम आवश्यकता अनुसार समयानुकूल संशोधन गर्न सक्नेछ र त्यस्तो संशोधन प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता संस्थाले विधानमा गरेको संशोधनले उपभोक्ता संस्थाका माध्यमबाट सामुहिक रुपमा स्वच्छ, सुरक्षित तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवाको सञ्चालन तथा व्यवस्थापन, खानेपानीको स्रोत, मूल वा मुहान, ताल तलाउ तथा पोखरी, तथा सिमसार, वा जलस्रोत तथा जलीय पारिस्थितीकिय प्रणालीमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संशोधनको जानकारी प्राप्त भएको तीस दिनभित्र उपभोक्ता संस्थालाई सो संशोधन लागू नगर्न निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु उपभोक्ता संस्थाको कर्तव्य हुनेछ ।

२४. **उपभोक्ता संस्था खारेज गर्न सकिने :** (१) उपभोक्ता संस्थाले विधान बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा जलस्रोतको गुणस्तर कायम राख्न नसकेमा, खानेपानीका मुहान तथा स्रोत संरक्षण नगरेमा वा खानेपानीका मुहान तथा स्रोतमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली वा यस ऐन वा नियमावली अर्न्तगत जारी गरिएको आदेश बमोजिम पालन गर्नु पर्ने शर्तहरु पालन नगरेमा गाउँपालिकाले त्यस्तो उपभोक्ता संस्थाको दर्ता खारेज गर्न र त्यस्तो खानेपानी आयोजना र संरचना वा खानेपानी सेवा फिर्ता लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता संस्थाको दर्ता खारेज गरी खानेपानी आयोजना र संरचना वा खानेपानी सेवा फिर्ता लिने गर्नु अघि त्यस्तो समूहलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सफाई पेश गरेमा सफाई सन्तोषजनक पाइएको उपभोक्ता संस्थाका पदाधिकारीलाई भविष्यमा यस ऐन, नियम, प्रचलित ऐन कानून र उपभोक्ता संस्थाको विधानको पूर्णतः पालना गर्ने कागज गराई उपभोक्ता संस्थाको दर्ता खारेज गर्ने प्रक्रिया अन्त्य गर्नु पर्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपभोक्ता संस्थाको कार्यसमितिका

पदाधिकारी वा सदस्यहरुले समूहको हितको नाममा वा अन्य कुनै कारणले यस ऐन, यस ऐन अर्न्तगत बनेको नियमावली वा उपभोक्ता संस्थाको विधान विपरीत कुनै काम कारबाही गरेको भनी समूहको वा अरु कसैको उजुरी परी कसुर प्रमाणित भएमा त्यस्ता पदाधिकारीलाई र सदस्यलाई यस ऐनमा व्यवस्था भएको जरिवानामा पच्चिस प्रतिशत थप जरिवाना हुनेछ ।

(५) उपदफा (३) बमोजिम कागज गराई उपभोक्ता संस्थालाई निरन्तरता प्रदान गरेकोमा सो उपभोक्ता संस्थाले पुनः उपदफा (१) मा उल्लेख भएका क्रियाकलाप गरेमा गाउँपालिकाले निर्णय गरी उपभोक्ता संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(६) उपदफा (३) र (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपभोक्ता संस्थाका पदाधिकारीहरुले उपभोक्ता संस्थाको हितको नाममा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा यस ऐन वा नियमावली अर्न्तगत जारी भएको आदेश वा विधान विपरित कुनै काम कारबाही गरेमा निजलाई यस ऐन बमोजिम जरिवाना गर्न बाधा पुर्‍याएको मानिने छैन ।

२५. **दर्ता खारेज नगर्ने र खानेपानी आयोजना पूनः** सुम्पन सकिने : दफा २४ को उपदफा (५) बमोजिम खारेज गरेको उपभोक्ता संस्थाको दर्ता र फिर्ता लिएको खानेपानी आयोजना र संरचना वा खानेपानी सेवा

सम्बन्धी निर्णय दफा ६७ बमोजिम बदर भएमा कार्यपालिकाले उपभोक्ता संस्थाको दर्ता खारेज प्रकृया तत्काल रोकी साविककै उपभोक्ता संस्थालाई पुनः सुम्पनु पर्नेछ ।

२६. **विधान विपरित काम गर्नेलाई दण्ड जरिवाना** : (१) खानेपानी आयोजना र संरचना वा खानेपानी सेवामा कुनै सदस्यले विधान विपरित हुने कुनै काम गरेमा निजलाई सम्बन्धित उपभोक्ता संस्थाले उपयुक्त नसिहत दिन वा जरीवाना गर्न सक्नेछ र कुनै हानी नोक्सानी भएकोमा बिगो समेत असुल उपर गर्न सक्नेछ ।

(२) उपभोक्ता संस्थाको सदस्य नभएको व्यक्तिले यस ऐन वा विधान विपरित कुनै कार्य गरेमा त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिमको जरिवानाका अतिरिक्त उपभोक्ता संस्थाको कार्य समितिको निर्णय बमोजिम निर्धारण गरेको जरिवाना समेत हुनेछ ।

## परिच्छेद-४

## खानेपानी तथा सरसफाइ सेवा सञ्चालन सम्बन्धी व्यवस्था

२७. खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु पर्ने : (१) सुरक्षित तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा सहजरुपमा उपलब्ध गराउन गाउँपालिकाले खानेपानी, सरसफाइ र स्वच्छता योजना र जलउपयोग गुरुयोजना तयार गरी कार्यान्वय गर्न सक्नेछ ।

(२) यस ऐन तथा प्रचलित कानून बमोजिम उपभोक्ता संस्थाले आफ्नो सेवा क्षेत्रभित्रका खानेपानी तथा सरसफाइ उपभोक्ताहरुले नियमित र समन्यायिक रुपमा खानेपानी तथा सरसफाइ सेवा उपयोग गर्न पाउने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(३) आफ्नो सेवा क्षेत्रभित्र खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउँदा कुनै पनि आधारमा कुनै पनि भेदभाव गर्न पाइने छैन ।

(४) यस ऐन बमोजिम खानेपानी सेवा उपलब्ध गराउँदा घरेलु उपयोग र सार्वजनिक प्रयोगको लागि आवश्यक व्यवस्था गरेर मात्र संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि पानीको स्रोतको प्रयोग गर्नु पर्नेछ ।

(५) घरायसी तथा सार्वजनिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनकालागि गाउँपालिकाले उपभोक्ता संस्थालाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

(६) कुनै पनि कारणले खानेपानी आपूर्ति प्रणाली अवरुद्ध भएमा गाउँपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा तत्काल मर्मत सम्भार गरी खानेपानी आपूर्ति गर्नुपर्नेछ र मर्मत सम्भार अवधीमा खानेपानी आपूर्तिका लागि अस्थायी वा बैकल्पिक व्यवस्था गर्नुपर्नेछ ।

२८. **धारा तथा मिटर जडान** : (१) यस ऐन बमोजिम खानेपानी सेवा प्राप्त गर्न चाहने उपभोक्ताले धारा तथा मिटर जडानकोलागि सम्बन्धित सेवा क्षेत्रको उपभोक्ता संस्थामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा उपभोक्ता संस्थाले निर्धारित शुल्क लिई समयमा नै धारा तथा मिटर जडान गरीदिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्राविधिक कारणले कुनै सेवा क्षेत्र भित्रका धाराहरुमा मिटर जडान गर्न उपयुक्त नहुने भएमा अन्य उपयुक्त व्यवस्था गरी खानेपानी सेवा उपलव्ध गराउनु पर्नेछ ।

२९. **ढल निकास सेवा सञ्चालन** : (१) यस ऐन बमोजिम खानेपानी सेवा प्रदान गर्दा निष्किएको फोहर पानीको व्यवस्थापनका लागि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले ढल निकास सेवा सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम ढल निकास सेवा सञ्चालन गर्दा ढल निकास सेवा उपयोग गर्ने उपभोक्ताबाट संस्थाले निर्धारित दरमा ढल निकास सेवा शुल्क लिन सक्नेछ ।

३०. **सेवा बन्द गर्न सक्ने** : (१) काबुबाहिरको परिस्थिति उत्पन्न भई खानेपानी सेवाप्रणालीबाट उपलव्ध गराइरहेको खानेपानीको गुणस्तर कायम रहन नसक्ने

भएमा वा सेवाको स्तरमा असर पर्ने भएमा वा सेवा बन्द गर्नु पर्ने भएमा त्यस्तो सेवा सुचारु हुन लाग्ने अनुमानित समय समेत उल्लेख गरी उपभोक्ता संस्थाले उपभोक्तालाई उपयुक्त माध्यमबाट सो कुराको पूर्वसूचना दिई खानेपानी सेवा बन्द गर्न सक्नेछ।

(२) उपभोक्ता संस्थाले उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र खानेपानी सेवा बन्द गरेमा त्यस्तो संस्थाले बैकल्पिक व्यवस्था गरी उपभोक्तालाई स्वच्छ खानेपानी उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र उपभोक्ता संस्था आफैले निर्धारण गरेको समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महसुल लिन पाउने छैन।

(४) निर्धारित समयमा शुल्क वा महसुल नबुझाउने वा सेवाको दुरुपयोग गर्ने वा सेवा उपयोग गर्दा पालना गर्नुपर्ने शर्तको उल्लघंन गर्ने उपभोक्ताको सेवा सम्बन्धित उपभोक्ता संस्थाले पूर्वसूचना दिई बन्द गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम सेवा बन्द गराएकोमा सम्बन्धित उपभोक्ताले शुल्क वा महसुल बुझाई सेवा सुचारु गरीदिन निवेदन दिएमा सम्बन्धित संस्थाले निर्धारण गरेको शुल्क लिई बन्द भएको सेवा

पून: सुचारु गरीदिनु पर्नेछ र उपभोक्ताको कारणले कुनै हानी नोक्सानी भएको पाइएमा सम्बन्धित उपभोक्ताबाट त्यस्तो हानी नोक्सानी भएको रकम भराई लिन सक्नेछ ।

३१. **निजी वा सार्वजनिक जग्गामा पाइप विच्छ्याउन वा अन्य संरचना बनाउन सक्ने** : (१) उपभोक्ता संस्थाले उपभोक्तालाई खानेपानी सेवा उपलब्ध गराउने प्रयोजनको लागि प्रचलित कानून बमोजिमको प्रकृया पूरा गरी निजी वा सार्वजनिक जग्गामा खानेपानी तथा ढल निकासको पाइप बिच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेछ ।

(२) उपभोक्ता संस्थाले कुनै व्यक्तिको निजी जग्गामा पाईप बिच्छ्याउन वा कुनै संरचना बनाउनु परेमा सम्बन्धित जग्गाधनीसँग उक्त जग्गा खरिद गर्न वा लिखित सम्झौता गरी लिजमा लिन वा आपसी सहमतिका आधारमा नि:शुल्क लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निजी जग्गा प्राप्त गर्न नसकेमा वा जग्गा प्राप्त गर्न सम्भव नभएमा उपभोक्ता संस्थाले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा प्राप्त गर्नको लागि गाउँपालिका समक्ष अनुरोध गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले खानेपानी सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा, आयोजना वा सेवा प्रणाली निर्माण तथा सञ्चालनका लागि विच्छ्याएको पाईप वा

निर्माण गरेको संरचनाका कारण कसैको निजी सम्पत्ति हानी नोक्सानी हुन गएमा त्यस्तो उपभोक्ता संस्थाले सोको उचित मुआब्जा र क्षतिपूर्ति दिनु पर्नेछ ।

३२. **घर जग्गामा प्रवेश गर्न सक्ने** : (१) उपभोक्ता संस्था वा यस ऐन बमोजिमको कामको सिलसिलामा खटिएको संस्थाको पदाधिकारी, कर्मचारी वा गाउँपालिकाको पदाधिकारी वा कुनै सरकारी कर्मचारी कुनै व्यक्तिको घर जग्गामा प्रवेश गर्नुपर्ने भएमा सम्बन्धित व्यक्तिलाई पूर्वसूचना दिई त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिले खानेपानी सेवाको दुरुपयोग वा सेवाको अनाधिकृत उपयोग गरिरहेको छ भन्ने शङ्का गर्नुपर्ने पर्याप्त आधार र कारण भएमा सोको लागि सूर्योदय देखि सूर्यास्त नभएसम्मको समयमा पूर्वसूचना नदिई पनि त्यस्तो व्यक्तिको घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यमा संलग्न व्यक्तिले सम्बन्धित घर जग्गाधनीको कुनै पनि सम्पत्तिमा हानी नोक्सानी पुग्ने कार्य गर्नु हुदैन ।

तर, त्यस्तो कार्यमा संलग्न व्यक्तिले कुनै हानी नोक्सानी गरेको पाइएमा उपभोक्ता संस्थाले सम्बन्धित व्यक्तिलाई न्यायोचित क्षतिपूर्ति दिनु पर्नेछ ।

३३. **सेवा प्रणालीसँग सम्बन्धित संरचनाको सुरक्षा** : (१) खानेपानी तथा सरसफाइ आयोजना वा सेवा प्रणालीको सुरक्षाको लागि उपभोक्ता संस्थाको लिखित अनुरोधमा वा त्यस्तो प्रणालीको सुरक्षा गर्न आवश्यक भएमा नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले आवश्यक सुरक्षा व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाको अनुरोधमा सुरक्षा व्यवस्था गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च सोही अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ ।

## परिच्छेद- ५

## महसुल तथा सेवा शुल्क सम्बन्धी ब्यवस्था

३४. **खानेपानी तथा सरसफाइ महसुल निर्धारण** : (१) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल सम्बन्धित उपभोक्ता संस्थाको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ र यसरी निर्धारण गरेको महसुल दरको जानकारी गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताको योगदान, बृहद हित, उपभोक्ताको क्रयशक्ति, नेपाल

सरकार र प्रदेश सरकारको नीति, गाउँपालिकाको नीति र खानेपानी तथा सरसफाइमा पहुँचको हकसम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ।

(३) गाउँपालिकाले आफनो क्षेत्रभित्र रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले उपदफा (२) बमोजिमका सूचकहरुका आधारमा निर्धारण गर्ने खानेपानी महशुलमा सम्भव भएसम्म एकरुपता कायम राख्न वा व्यापक अन्तर हुन नदिनका लागि वा एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, असहाय तथा विपन्न सदस्यलाई महसुल पुर्ण वा आंसिक मिनाहा गर्न निर्देशन दिन सक्नेछ।

**३५.** **<u>महसुल तथा शुल्क लिन सक्ने :</u>** (१) उपभोक्ताले खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा उपयोग गरे वापत उपभोक्ता संस्थाले साधारण सभाले निर्धारण गरे बमोजिम उपभोक्तासँग महसुल तथा सेवा शुल्क लिन सक्नेछ।

(२) उपभोक्ताले खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा उपयोग गरे बापतको महसुल तथा सेवा शुल्क सम्बन्धित उपभोक्ता संस्थालाई बुझाउनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै व्यवस्था गरिएको भएतापनि उपभोक्ता संस्थाले सम्बन्धित वडा कार्यालयले गरिव तथा विपन्न भनी पहिचान र

सिफारिस गरेका व्यक्ति तथा परिवारलाई धारा र मिटर जडान, शौचालय निर्माण र ढल जडान वापतको शुल्क तथा खानेपानीको महसुल लगायतका सेवामा छुट तथा सहुलियत दिनु पर्नेछ ।

३६. **मिनाहा वा छुट दिन सक्ने :** प्रकोप वा अन्य कुनै विषम परिस्थितीका कारण कुनै खास क्षेत्रका उपभोक्ता,एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, गरिव तथा विपन्न परिवार वा सिमान्तकृत परिवारले उपभोक्ता संस्थाले सञ्चालन तथा व्यवस्थापन गरेको खानेपानी सेवाको महसुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुल घटाउन वा मिनाहा दिन सक्नेछ ।

३७. **असुल उपर गर्न सक्ने** : यस ऐन बमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा उपयोग गरे बापतको महसुल तथा जरिवानाको रकम नबुझाउने उपभोक्ताबाट सम्बन्धित उपभोक्ता संस्थाले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ ।

## परिच्छेद- ६

## खानेपानी तथा सरसफाइको गुणस्तर मापदण्ड सम्बन्धी व्यवस्था

३८. **स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्ने** : (१) यस ऐन बमोजिम उपभोक्ता संस्थाले खानेपानी आपूर्ति गर्दा स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्नेछ ।

(२) खानेपानी आपूर्ति गर्दा पानीको गुणस्तर र स्वच्छता कायम गर्नका लागि पानी प्रशोधन गर्नुपर्ने भएमा प्रशोधन गरेर मात्र खानेपानी आपूर्ति गर्नु पर्नेछ ।

३९. **गुणस्तर मापदण्ड तोक्न सक्ने :** (१) खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको सञ्चालन तथा व्यवस्थापनमा अवलम्वन गर्नु पर्ने गुणस्तर मापदण्डहरु नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछन् ।

(२) नेपाल सरकारले निर्धारण गरेको न्यूनतम् मापदण्ड अन्तर्गत रही सो मापदण्डमा तोकेको गुणस्तरभन्दा न्यून नहुने गरी गाउँपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ ।

(३) उपभोक्ता संस्थाले उपदफा (१) र (२) बमोजिम तोकेको गुणस्तर र मापदण्डको पालना गर्नु पर्नेछ ।

(४) गाउँपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप हुनेगरी खानेपानी तथा फोहोर पानीको गुणस्तर मापन तथा परीक्षणका लागि प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(५) उपदफा (५) बमोजिम गाउँपालिकाले आफै प्रयोगशाला स्थापना गर्न नसकेको अवस्थामा उपभोक्ता सस्था वा कुनै सेवा प्रदायक संस्थाले स्थापना गरेको



तुर्माखाँद गाउँपालिका

प्रयोगशालाबाट खानेपानीको गुणस्तर मापन तथा परीक्षण गराउन सक्नेछ ।

४०. **नदी तथा ताल तलैयाको जल गुणस्तर मापदण्ड** : सांस्कृतिक, धार्मिक, पर्यटकीय महत्वका क्षेत्र र वस्तीसँग जोडिएका वा विभिन्न स्थानमा रहेका नदी, ताल तलैया, पोखरी, जलाशय तथा कुण्ड वा कुवा र धाराहरुको वातावरणीय स्वास्थ्य र जलको गुणस्तरमा मानव सृजित वा मानवीय क्रियाकलापको कारण परिरहेको वा पर्न सक्ने प्रभाव न्यूनीकरण गरी स्वच्छता र सुन्दरता कायम राख्न नेपाल सरकार तथा प्रदेश सरकारले निर्धारण गरेका मापदण्ड समेतलाई आधार मान्दै गाउँपालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

४१. **फोहोर पानी प्रशोधन गर्नुपर्ने** : (१) कसैले पनि नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले निर्धारण गरेको मापदण्ड विपरित मानव मलमुत्र सहित वा रहितको फोहोर पानी वा अन्य कुनै पनि प्रकारको ठोस वस्तु ढल निकास प्रणालीमा विसर्जन गर्न वा मानव मलमुत्रलाई सिधै नदी, खोला, ताल, तलैया, जलाशय वा सार्वजनिक जग्गामा मिसाउन वा पठाउन पाइने छैन ।

(२) कसैले आफूबाट उत्सर्जित फोहोर पानी वा वस्तु ढल निकास प्रणालीमा मिसाउनु पर्ने भएमा प्रशोधन गरी प्रचलित कानून बमोजिम तोकिएको मापदण्डको सीमा भित्र रही मिसाउनु पर्नेछ ।

(३) गाउँपालिकाले आफै वा उपभोक्ता संस्थाले गाउँपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा फोहर पानी प्रशोधन गर्ने संरचना स्थापना र सञ्चालन गर्न सक्नेछ ।

४२. **सरसफाइ तथा स्वच्छता कार्यक्रम सञ्चालन गर्ने :** (१) गाउँपालिकाले उपभोक्ता संस्था र विभिन्न स्थानीय समुदायसँग सहकार्य तथा समन्वय गरी ग्रामीण तथा शहरी वस्तीलाई स्वच्छ, सफा र सुन्दर बनाई राख्न स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी विभिन्न सचेतनामूलक तथा व्यक्तिगत र सामुहिक व्यवहार परिवर्तन सञ्चार केन्द्रित कार्यक्रम र अभियान सञ्चालन गर्न, गराउन सक्नेछ ।

(२) शौचालय निर्माण तथा प्रयोग नगर्ने परिवार वा व्यक्तिका लागि गाउँपालिकाले सामाजिक सुरक्षा सेवा र अन्य अनुदानमा अस्थायी रुपमा रोक लगाउन सक्नेछ ।

(३) गाउँपालिकाले आवस्यकता अनुसार गाउँपालिकाका हाटबजार, मेला पर्ब लाग्ने स्थान र चौक जस्ता सार्वजनिक स्थलमा सार्बजनिक शौचालय निर्माण गरी व्यवस्थापन गर्न सक्नेछ ।

४३. **अनुगमन तथा नियमन** : (१) गाउँपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँगको समन्वयमा उपभोक्ता संस्थाबाट आपूर्ति भएको खानेपानीको गुणस्तर तथा

सरसफाइ र स्वच्छतासम्बन्धी सेवाको स्तरका बारेमा नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा गाउँपालिकाको वातावरण र खानेपानी तथा सरसफाइ विषय हेर्ने पदाधिकारी वा सदस्य तथा अधिकृत वा तोकिएका कर्मचारीले उपभोक्ता संस्थाद्धारा आपूर्ति गरिरहेको खानेपानी वा विसर्जन गरेको फोहोर पानीको नमूना संकलन तथा परीक्षण गर्न वा अन्य आवश्यक विवरण लिन वा माग गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमनका क्रममा गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको स्तरमा सुधार गर्न आवश्यक देखेमा वा खानेपानी तथा फोहोरपानीको नमूना परीक्षण गर्दा गुणस्तर तथा मापदण्ड बमोजिम भएको नपाइएमा सम्बन्धित उपभोक्ता संस्थालाई गुणस्तर तथा मापदण्ड कायम गर्न निर्देशन दिनेछ ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्देशन पलना गर्नु सम्बन्धित उपभोक्ता संस्थाको कर्तव्य हुनेछ ।

४४. **क्षतिपूर्ति भराई दिन सक्ने** : (१) उपभोक्ता संस्थाले तोकिएको मापदण्ड बमोजिमको खानेपानी उपलब्ध नगराएको प्रमाणित भएमा वा त्यस्तो खानेपानी उपयोग गर्दा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्न गएमा

त्यस्तो उपभोक्ता संस्थाले प्रभावित उपभोक्तालाई मनासिब क्षतिपूर्ति भराई दिन सक्नेछ ।

(२) कसैले खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी आयोजना वा सेवा प्रणाली र त्यसको संरचनामा कुनै पनि किसिमको हानी नोक्सानी वा क्षति पुऱ्याएमा सो सम्बन्धी मुद्दा हेर्ने अधिकारीले क्षतिपूर्ति बापत उचित रकम भराई दिन सक्नेछ ।

## परिच्छेद- ७

## खानेपानी, सरसफाइ तथा स्वच्छता कोष सम्बन्धी व्यवस्था

४५. **कोषको स्थापना र सञ्चालन** : (१) खानेपानी तथा सरसफाइ सम्बन्धि मौलिक हकको प्रावधान, जलीय पारिस्थिकिय प्रणालीको संरक्षण, जलाधारको व्यवस्थापन, जल प्रदूषणको रोकथाम तथा नियन्त्रण, र जलवायु परिवर्तन व्यवस्थापनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता कोष नामको एउटा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन :-

(क) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति वा सङ्घ संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी सरकार वा अन्तराष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त रकम,

(घ) जलस्रोतको संरक्षण शुल्कबाट प्राप्त रकम, र

(ङ) यस ऐनको उल्लघंन भएको अवस्थामा गाउँपालिकाले गरेको जरिवानाबाट उठेको रकमको ६० प्रतिशतका दरले प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(५) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

४६. **खानेपानी, सरसफाइ र स्वच्छता कोष सञ्चालक समितिको गठन** : (१) कोषको व्यवस्थापन, सञ्चालन र रेखदेख गर्नको लागि देहाय बमोजिमको खानेपानी, सरसफाइ तथा स्वच्छता कोष सञ्चालक समिति रहनेछ :

(क) गाउँपालिकाको अध्यक्ष -अध्यक्ष

(ख) गाउँपालिकाकाको उपाध्यक्ष -सदस्य

(ग) वातावरण तथा विपद व्यवस्थापन समितिको प्रमुख - सदस्य

(घ) वडा अध्यक्षहरु मध्येबाट कार्यपालिकाले समावेशी रुपमा तोकेको वडा अध्यक्ष -सदस्य

(ङ) कार्यपालिकाले तोकेको कार्यपालिकाका दुईजना महिला सदस्य-सदस्य

(च) वातावरण संरक्षणको क्षेत्रमा गाउँपालिकाको क्षेत्रभित्र काम गर्ने संस्थाका प्रतिनिधिहरु मध्येबाट एक जना -सदस्य

(छ) विज्ञान वा वातावरण व्यवस्थापनका शिक्षकहरुमध्ये अध्यक्षबाट मनोनित एकजना महिला सहित दुइजना - सदस्य

(ज) वातावरण तथा जलवायुको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरुमध्ये सामाजिक समावेशीताका आधारमा

अध्यक्षबाट मनोनित दुई जना - सदस्य

(झ) प्रमुख, शिक्षा शाखा -सदस्य

(ञ) प्रमुख, वातावरण शाखा - सदस्य

(ट) प्रमुख प्रशासकीय अधिकृत सदस्य-सचिव

(२) उपनियम (१) को खण्ड (च), (छ), र (ज) बमोजिम मनोनयन हुने सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) उपनियम (१) को खण्ड (च) बमोजिम मनोनयन हुने सदस्यको संस्थाले नीज सञ्चालक समितिमा सदस्य रहँदासम्म प्रस्ताव पेस गर्न वा कुनै किसिमबाट कोषबाट अनुदान सहयोग लिन पाउने छैन ।

(४) उपनियम (१) को खण्ड (च), (छ), र (ज) बमोजिम मनोनीत सदस्यको कार्य सम्पादन सन्तोषजनक नभएमा कार्यपालिकाले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(५) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

४७. **कोषको समितिको बैठकः** (१) यस ऐन बमोजिम गर्नु पर्ने काम कोषको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम हुनेछ ।

(२) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सदस्य-सचिवले कोषको सञ्चालक समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषय सूची सहितको सूचना बैठक बस्ने समयभन्दा साधारणतया अठ्चालीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(४) कुनै सदस्यले उपनियम (३) बमोजिम बैठकमा छलफल हुने विषय सूचीमा उल्लिखित विषयको अतिरिक्त अन्य कुनै विषयमा छलफल गराउन चाहेमा त्यसरी छलफल गर्न चाहेको विषय र कारण सहितको सूचना बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्य-सचिवलाई दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त हुनासाथ सदस्य-सचिवले त्यसको जानकारी सबै सदस्यलाई दिनेछ र सो विषय कोषको सञ्चालक समितिको बैठकको कार्यसुचीमा परेको मानिनेछ ।

(५) कोषमा तत्काल कायम रहेका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा कोषको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) कोषको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(७) कोषको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(८) कोषको निर्णयको अभिलेख कोषको सदस्य-सचिवले तयार गरी अध्यक्ष तथा सदस्यको दस्तखत गराई राख्नेछ ।

४८. **सचिवालय र प्रशासनिक खर्चसम्बन्धी व्यवस्था:** (१) कोषको सञ्चालक समितिको सचिवालयको काम कार्यपालिकाको कार्यालयले गर्नेछ ।

(२) कोषको सञ्चालक समितिको सचिवालयको प्रशासनिक खर्चको लागि आवश्यक पर्ने रकम कार्यपालिकाको कार्यालयको बजेटबाट व्यवस्था गरिनेछ ।

४९. **कोषको सञ्चालन:** (१) कोषलाई चक्रीय (रिभल्विङ्ग) कोषको रूपमा सञ्चालन गरिनेछ ।

(२) कोषमा जम्मा भएको रकम सञ्चालक समितिले तोकेको कम्तिमा कुनै "ख" वर्गको वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(३) उपनियम (२) बमोजिमको खाताको सञ्चालन सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**५०. कोषको उपयोग :** (१) कोषमा जम्मा भएको रकम जल वातावरणको संरक्षण र प्रवर्द्धन, स्वच्छ र स्वस्थ जलिय वातावरण कायम, जलिय पारिस्थिकिय प्रणालीको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण, जलाधार वा उपजलाधारको व्यवस्थापन, नदीको संरक्षणसँग सम्बन्धित विषयमा र देहायका काम वा कार्यक्रम सञ्चालन गर्न प्रभावकारी भूमिका खेल्न सक्ने उपभोक्ता संस्थालाई अनुदान प्रदान गर्न वा अन्य संस्थालाई

प्रतिस्पर्धात्मक प्रस्तावको आव्हान तथा स्वच्छ मूल्यांकनको आधारमा सबैभन्दा प्रतिस्पर्धी र उत्तम प्रस्ताव ठहर भएको संस्थाको प्रस्तावलाई आवश्यक वित्तीय, भौतिक र प्राविधिक सहयोग उपलब्ध गराउन संचालक समितिले निर्णय गरे बमोजिम खर्च गरिनेछ :-

(क) जलस्रोतको गुणस्तर कायम राख्ने र निरन्तर प्रवाह वा आपुर्ती समेत सुनिश्चित गर्नका लागि जलस्रोतको संरक्षण, सुधार, पुर्नस्थापना र सुरक्षा गर्ने वा गराउने,

(ख) स्वच्छ र स्वस्थ जलस्रोतको भावी सन्ततीलाईसमेत उपलब्धता सुनिश्चित गर्नका लागि अपनाउनु पर्ने संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनका कार्यक्रमको कार्यान्वयन गर्ने वा गराउने,

(ग) जलस्रोत तथा जलिय पारिस्थितीकिय प्रणालीहरुको जिव धान्ने (life supporting) क्षमता अभिबृद्धी गर्ने वा गराउने,

(घ) स्वच्छ र स्वस्थ जलस्रोत तथा जलिय वातावरण कायम गर्न, खानेपानीको स्रोत, मूल वा

मुहान, ताल, तलाउ तथा पोखरी, जलाशय, कुण्ड वा कुवा र सिमसारको संरक्षण तथा प्रवर्द्धन, जलाधार वा उपजलाधार व्यवस्थापन, जल वातावरण प्रदुषणको रोकथाम तथा नियन्त्रण सम्बन्धमा नियमित कार्यक्रममा नपरेको योजना तर्जूमा र कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,

(ङ) जलस्रोत तथा जलिय पारिस्थिकिय प्रणालीको संरक्षण, संम्वर्द्धन, दीगो उपयोग र जलस्रोत तथा जलिय पारिस्थिकिय स्रोतहरुको उपयोगबाट प्राप्त लाभको समन्यायिक वितरणसँग सम्बन्धित परम्परागत र स्थानीय अभ्यास संम्वर्द्धन गर्ने वा गराउने,

(च) वर्तमान पुस्ताले भावी सन्ततीको लाभका लागि जलस्रोत तथा जलिय वातावरणको स्वास्थ्य, विविधता र उत्पादकत्व कायम र अभिबृद्धि सुनिश्चित गर्न

अपनाउनु पर्ने उपाय वा कार्यक्रम,

(ज) सरकारी, निजी क्षेत्र तथा सामुदायिक क्षेत्रबाट हुने क्रियाकलाप वा निर्णयले जलस्रोत तथा जलिय पारिस्थितिकिय प्रणालीको विविधतामा पुऱ्याउन सक्ने सम्भावित उल्लेखनिय क्षतिका रोकथाम तथा न्यूनिकरणका पक्ष वा उपाय,

(झ) जल प्रदुषणको रोकथाम तथा नियन्त्रणका बिभिन्न पक्ष वा आयाम संग सम्बन्धित कार्यक्रम,

(ञ) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई आपतकालीन तथा ठूलो मर्मतको आवश्यकता परेमा सोको अध्ययन गरी आर्थिक सहयोग गर्ने वा गराउने, र

(च) कोषको रकम खर्च गरिने अन्य विषयवस्तुहरु तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम कोषमा जम्मा भएको रकम संचालक समितिले उपयोग गर्दा प्रस्तावको

आव्हान गरी स्वच्छ मूल्यांकनको आधारमा सबैभन्दा प्रतिस्पर्धी र उत्तम प्रस्ताव ठहर भएको संस्थाको प्रस्तावलाई मात्र संचालक समितिले प्रतिस्पर्धाका आधारमा मात्र आवश्यक वित्तीय, भौतिक र प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद- ८

## खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय र व्यवस्थापन समितिको काम, कर्तव्य तथा अधिकार र अन्य संस्थागत संरचना सम्बन्धी व्यवस्था

५१. **गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको गठन** : (१) गाउँपालिकामा देहाय बमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ :-

(क) गाउँपालिकाको अध्यक्ष -अध्यक्ष

(ख) गाउँपालिकाको उपाध्यक्ष - सदस्य

(ग) गाउँपालिकामा खानेपानी तथा सरसफाइ हेर्ने सदस्य र एक जना महिला सदस्य -सदस्य

(घ) खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालको एक जना स्थानीय प्रतिनिधि - सदस्य

(ङ) खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत एक जना महिला प्रतिनिधि -सदस्य

(च) खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत संघ संस्थाको एक जना प्रतिनिधि -सदस्य

(छ) सबै वडा अध्यक्ष र महिला कार्यपालिका सदस्य -सदस्य

(ज) गाउँपालिका भित्रका बिद्यालय ( आधारभुत र माध्यमिक) बाट महिला शिक्षिका २ जना र १ दलित शिक्षक -सदस्य

(झ) गाउँपालिकाको खानेपानी तथा सरसफाइ हेर्ने शाखा प्रमुख -सदस्य-सचिव

(२) समितिको बैठकमा खानेपानी तथा सरसफाइ विषयका विज्ञ र सरोकारवाहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमका प्रतिनिधिहरुको छनौट गाउँपालिका अध्यक्षले गर्ने छन र निजहरुको कार्य अवधी दुई वर्षको हुनेछ।

(४) गांउपालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको बैठकको कार्यविधि समन्वय समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५२. **गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको काम, कर्तव्य अधिकार:** गाउँपालिका स्तरीय खानेपानी सरसफाइ, तथा स्वच्छता समन्वय समितिको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछ :-

(क) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा गाउँपालिकालाई सुझाव दिने,

(ख) गाउँपालिकाको खानेपानी तथा सरसफाइ सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनमा लैङ्गिक समानता तथा सामाजिक समावेशिता मुलप्रबाहीकरण गर्न पहल गर्ने,

(ग) नीति तथा योजनाको कार्यान्वयनको अवस्थाको समिक्षा गरी समयानुकुल संशोधन गर्नका लागि सुझाव पेश गर्ने,

(घ) गाउँपालिकाको लागि आवश्यक पर्ने नीति, कार्यविधि, निर्देशिका तथा नियमहरुको मस्यौदा तयार गर्ने,

(ङ) खानेपानी, सरसफाइ तथा स्वच्छता र जलउपयोग गुरुयोजनाको निर्माण, प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमनमा समन्वयकारी भूमिका निर्वाह गर्ने,

(च) विभिन्न विकास साझेदारहरुसँग समन्वय गरी खानेपानी, सरसफाइ तथा स्वच्छता योजना र जलउपयोग गुरुयोजनाको कार्यान्वयमा योगदान तथा सहयोग गर्ने,

(छ) खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको निर्णय प्रकृयामा सहजताको लागि गाउँपालिका क्षेत्रभित्रका सबै खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाहरुको वार्षिक रुपमा र जलउपयोग गुरुयोजना प्रत्येक तीन वर्षमा अद्यावधिक गर्ने प्रयोजन सहित गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता सूचना प्रणाली स्थापना गर्न सहयोग गर्ने,

(ज) नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता (NWASH MIS)



तुर्माखाँद गाउँपालिका

सम्बन्धि डाटाबेस बार्षिक रुपमा नियमित अद्यावधिक गर्ने,

(झ) खानेपानी तथा सरसफाइ योजनाहरुको न्युनतम सञ्चालन तथा मर्मत सम्भार मापदण्ड निर्धारण गरी उपभोक्ता समितिहरुलाई पुरस्कार दिने पद्धति स्थापना र कार्यान्वयनमा सघाऊ पुऱ्याउने, र

(ञ) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

५३. **वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति** : (१) गाउँपालिकाले वडा स्तरमा वडा अध्यक्षको अध्यक्षतामा वडा समन्वय समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समन्वय समितिका सदस्य तथा पदाधिकारीहरु वडा समितिले तोके बमोजिम हुनेछन् ।

(३) वडा सचिवले समितिको सदस्य सचिवको रुपमा काम गर्नेछन् ।

(४) वडा खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५४. **खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समिति स्थापना गर्न सक्ने :** (१) गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको नीति, योजना तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन कार्यको नेतृत्व, दिशाबोध तथा समन्वय गर्नका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समिति देहायका सदस्य रहने छन :-

(क) गाउँपालिकाको अध्यक्ष - सदस्य

(ख) गाउँपालिकाको उपाध्यक्ष - सदस्य

(ग) कार्यपालिकाले तोकेको तीन जना वडा अध्यक्ष - सदस्य

(घ) सबै महिला कार्यपालिका सदस्य - सदस्य

(ङ) सामाजिक विकास शाखा प्रमुख - सदस्य

(च) शिक्षा शाखा प्रमुख - सदस्य

(छ) स्वास्थ्य शाखा प्रमुख - सदस्य

(ज) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य

(झ) कृषि शाखा प्रमुख - सदस्य

(ञ) योजना शाखा प्रमुख - सदस्य

(ट) उपभोक्ता समिति सञ्जाल - सदस्य

(ठ) खानेपानी, तथा सरसफाइ ईकाइ प्रमुख -सदस्य सचिव

५५. **खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार** : खानेपानी सरसफाइ, तथा स्वच्छता व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिकाको खानेपानी सरसफाइ, तथा स्वच्छता क्षेत्रको दीर्घकालीन योजना ( आवधिक योजना), मध्यमकालिन योजना (वार्षिक योजना) तर्जुमा गर्ने तथा आवश्यक भएमा जलउपयोग गुरुयोजनामा तय गरिएको परिदृष्य, आयोजना तथा कार्यक्रम र खानेपानी सरसफाइ, तथा स्वच्छता समीक्षा तथा संसोधन गर्ने,

(ख) मर्यादित महिनावारी व्यवस्थापन, पूर्ण सरसफाई, विद्यालय खानेपानी सरसफाइ, तथा स्वच्छता, खानेपानी

सुरक्षा योजना, फोहरमैला व्यवस्थापन जस्ता क्षेत्रका लागि आवश्यक पर्ने नीति, निर्देशिका, कार्यविधि, वा नियमहरु तर्जुमा गर्ने गरी लक्ष्य तय गर्ने,

(ग) गाउँपालिकास्तरमा खानेपानी सरसफाइ, तथा स्वच्छतासम्वन्धी जनचेतना जगाउन र पानीको उत्पादनशिल प्रयोग, बहुउपयोग तथा खपत घटाउनका साथसाथै मुल तथा जलाधार क्षेत्रको संरक्षण र स्रोत तथा खानेपानी आयोजनाको संरक्षणका लागि आवश्यक प्रविधि, उपकरण र व्यवहार प्रवर्द्धनको लागि आवश्यक सामाजिक ब्यवहार परिवर्तन कार्ययोजना बनाउने र कार्यक्रम सञ्चालनका लागि गाउँपालिकालाई आवश्यक सहजिकरण, क्षमता अभिवृद्धि तथा सञ्चालित कार्यक्रमको सुपरिवेक्षण र अनुगमन गर्ने,

(घ) गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाइ योजना मर्मत सम्भार कोष स्थापना गर्ने,

विभिन्न दातृ निकायहरुलाई कोषमा योगदान गर्न प्रोत्साहित गर्ने तथा कोषको खर्च तथा उपयोगको वार्षिक सार्वजनिक सुनुवाई तथा पारदर्शी सार्वजनिक सूचना जारी गर्ने व्यवस्था मिलाउने,

(ङ) जलस्रोत क्षेत्रको योजना तर्जुमा तथा नीति निर्माणमा विज्ञ सेवा व्यवस्थापन गर्ने,

(च) खानेपानी सरसफाइ, तथा स्वच्छता व्यवस्थापन क्षेत्रको निर्णय प्रकृयामा सहजताको लागि गाउँपालिका क्षेत्रभित्र रहेका सबै खानेपानी तथा सरसफाइ योजनाहरुको, वार्षिक रुपमा अद्यावधिक गर्ने प्रयोजन सहित गाउँपालिका स्तरीय वास सूचना प्रणाली स्थापना गर्ने,

(छ) सार्वजनिक, संस्थागत, विद्यालय तथा स्वास्थ्य सेवाहरु लक्षित सरसफाइको योजना तर्जुमा गर्ने तथा बजेट व्यवस्थापन गर्ने,

(ज) खानेपानी तथा सरसफाइ योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ठ कार्य गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गर्ने तथा निष्कृय उपभोक्ता समितिलाई रकम विनियोजन नगर्ने,

(झ) खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको जोखिम पहिचान तथा बिश्लेषण गारि पूर्व तयारी तथा जोखिम न्युनीकरण योजना तयार गरी कार्यान्वयन गर्ने, र

(ञ) खानेपानी सरसफाइ, तथा स्वच्छता व्यवस्थापन समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

५६. **खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिको बैठक** : (१) व्यवस्थापन समितिका निर्देशक समितिको बैठक वर्षमा कम्तीमा दुई पटक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) व्यवस्थापन समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा गाँउपालिकाको उपाध्यक्षले गर्नेछ ।

(३) व्यवस्थापन समितिको बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी, सम्बन्धित निकाय वा सघं संस्थाका प्रतिनिधि वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि व्यवस्थापन समितिको आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५७. **खानेपानी, सरसफाइ तथा स्वच्छता ईकाइ व्यवस्था:** (१) गाउँपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिका निर्णयहरु कार्यान्वयन गर्ने ईकाइको रुपमा काम गर्ने गरी एक वास इकाई वा शाखा स्थापना रहनेछ ।

(२) गाउँपालिकाको कार्यालयले एकजना स्थायी कर्मचारी इकाई प्रमुख हुने गरी कम्तिमा एकजना प्राविधिक तथा एकजना सामाजिक कर्मचारी सहितको वास इकाईमा वार्षिक कार्यक्रम तथा बजेट बमोजिम करार सेवामा वा स्थायी वा अस्थायी कर्मचारीहरु रहनेछन् ।

५८. **गाउँपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता इकाईको जिम्मेवारी** : गाउँपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता इकाईको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) बार्षिक कार्यक्रममा स्वीकृत भएका खानेपानी, सरसफाइ तथा स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, संस्थागत सरसफाइ लगायतका

कार्यक्रमहरुको योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, समन्वय गर्ने तथा सेवा प्रदायकहरु, स्वयंसेवकहरु, वाल क्लवहरु, आमा समूहहरु तथा सञ्जालहरुले गर्ने कार्यको सहजीकरण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(ख) गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको सूचना प्रणाली स्थापित गरी अद्यावधिक राख्ने तथा आवश्यकता बमोजिम निर्णय प्रकृयामा सहजीकरणको लागि समितिलाई आबश्यक सूचना उपलव्ध गराउने,

(ग) उपभोक्ता समितिहरुको सञ्चालन अवस्था, वडा कार्यालयबाट प्राप्त प्रतिवेदनहरु संग्रह गर्ने तथा सूचना प्रणाली अद्यावधिक गरी सोको प्रतिवेदन कार्ययोजना सहित समितिमा पेश गर्ने र प्रतिवेदन प्राप्त नभएका वडाहरुलाई ताकेता गरी प्रतिवेदन प्राप्त गर्ने,

(घ) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु गठन, पुनर्गठन, गाउँपालिकाको कार्यालयमा दर्ता तथा नवीकरण कार्यको लागि आवश्यक सहजीकरण गर्ने,

(ङ) सबै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने र उपभोक्ता समितिहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको मूल्यांकन गर्ने,

(च) सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ट खानेपानी तथा सरसफाइ योजनाहरु छनौट गरी पुरस्कृत गर्न कार्यपालिकामा पेश गर्ने, मूल्यांकनमा कमजोर अंक प्राप्त गर्ने उपभोक्ता समितिहरुलाई समिति पुनर्गठन, व्यवस्थापन तालिम तथा अन्य उपायहरु मार्फत सक्रिय बनाउन सहजीकरण गर्ने,

(छ) विद्यमान जलउपयोग गुरुयोजना, र खानेपानी तथा

सरसफाइ योजनाहरुको आवधिक रुपमा अनुगमन तथा मूल्यांकन गर्ने पद्धति स्थापना गर्ने,

(ज) खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको वार्षिक प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने,

(झ) आपतकालीन तथा ठूलो मर्मतको आवश्यकता अध्ययन गरी आर्थिक सहयोगको लागि समितिमा सिफारिस गर्ने,

(ञ) खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले तोके बमोजिम खानेपानी तथा सरसफाइ योजनाहरुको दिगोपना व्यवस्थापन सम्बन्धी अन्य कृयाकलापहरु सहयोग तथा सञ्चालन गर्ने, र

(ट) खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको प्रशासनिक तथा अन्य अभिलेखीकरण सहित समितिको सचिवालयको कार्य गर्ने ।

५९. **एकजल निर्देशक समिति गठन गर्न सक्ने :** (१) एकजलको अवधारणालाई अझ बढि प्रभावकारी रुपमा अभिबृद्धी गर्नकालागि आवश्यक नीति, योजना, कार्यक्रम र कृयाकलाप र जलाधार ब्यवस्थापन सम्वन्धी आवश्यक अन्य औजार वा विधी तथा अभ्यासहरु विकास र कार्यान्वयन गर्न सम्वन्धित स्थानीय तहलाई परामर्श सरसल्लाह सुझाव दिन, यस्ता योजना, नीती, कार्यक्रम र कृयाकलापको निर्माण तथा कार्यान्वयन गर्न र कर्णाली जलाधारका अन्य स्थानीय तहसंग समन्वय, सहकार्य तथा संयुक्त नीति वा योजना तर्जुमा तथा कार्यान्वयन गर्न गांउपालिकाले कर्णाली जलाधार स्तरिय एकजल निर्देशक समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कर्णाली जलाधार स्तरिय एकजल निर्देशक समिति गठन गर्न तथा सोको सदस्यका रुपमा गांउपालिकाले विशेष भूमिका र जिम्मेवारी निर्वाह गर्नेछ।

(३) उपदफा (१) बमोजिमको निर्देशक समितिमा देहायका सदस्य रहने छन :

(क) गाउँपालिकाको अध्यक्ष सदस्य

(ख) गाउँपालिकाको उपाध्यक्ष सदस्य

(ग) कार्यपालिकाले तोकेको एक जना महिला सदस्य सदस्य

(घ) कार्यपालिकाले तोकेको गाँउपालिकाको उच्च माध्यमिक विद्यालय वा

क्याम्पसको एक जना दलित वा महिला शिक्षक सदस्य

(ङ) खानेपानी तथा सरसफाईको क्षेत्रमा कार्यरत विकास साझेदार मध्येबाट कार्यपालिकाले तोकोको एउटा विकास साझेदार सस्था सदस्य

(च) खानेपानी तथा सरसफाई उपभोक्ता संस्था मध्येबाट कार्यपालिकाले तोकेको एउटा संस्था सदस्य

(छ) नेपाल सरकार र प्रदेश सरकारको नदी बेसिन स्तरिय कार्यालयका प्रमुख मध्येबाट एकजना र नेपाल सरकार र प्रदेश सरकारका खानेपानी तथा सरसफाई र जलस्रोत ब्यवस्थापनको क्षेत्रमा कार्यरत कार्यालयबाट दुई जना गरि जम्मा तीन जना पदेन सदस्य

(ञ) आपसी समझदारिमा तोकेको गैर सरकारी सस्थाको दुई जना प्रतिनिधि सदस्य

(ट) प्रमुख प्रशासकिय अधिकृत सदस्य सचिव

(४) उपदफा (१) बमोजिमको निर्देशक समितिको गठन गर्दा मध्य कर्णाली जलाधार क्षेत्र भित्रका स्थानीय तह मध्येबाट बर्णानुक्रम बमोजिम क्रमिकरुपमा आलोपालो गरी सम्बन्धित स्थानीय तहका प्रमुख वा अध्यक्षले संयोजकत्व गर्नेछन ।

(५) यस समितिको संयोजकको पदावधी २ वर्षको हुनेछ ।

(६) उपदफा (१) बमोजिम जुन स्थानीय तह संयोजक हुनेछ सोहि स्थानीय तहले निर्देशक समितिको सचिवालयको रुपमा कार्य गर्नेछ ।

(७) उपदफा (१) बमोजिम गठन गरिने निर्देशक समितिको बैठक सम्बन्धी र अन्य व्यवस्था निर्देशक समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

६०. **निर्देशक समितिको बैठक** : (१) निर्देशक समितिको बैठक वर्षमा कम्तीमा दुई पटक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) निर्देशक समितिको सदस्य सचिवले संयोजकसँग परामर्श गरी बैठक बस्ने मिति, समय र स्थान, बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा कम्तीमा सात दिन अगाडि सबै सदस्यले प्राप्त गर्नेगरी पठाउनु पर्नेछ ।

तर, तत्काल परिषद्को बैठक बोलाउन आवश्यक भएमा निर्देशक समितिको संयोजकले बहत्तर घण्टा अगाडी परिषद्को बैठक बोलाउन सक्नेछ र यसरी बैठक बोलाइएकोमा निर्देशक समितिको सदस्य सचिवले सोको

सूचना यथाशीघ्र सबै सदस्यले प्राप्त गर्नेगरी पठाउनु पर्नेछ ।

(३) कुल सदस्य संख्याको बहुमत सदस्य उपस्थित भएमा निर्देशक समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) निर्देशक समितिको बैठकको अध्यक्षता परिषद्को संयोजकले गर्नेछ र संयोजकको अनुपस्थितिमा निर्देशक समितिको उपसंयोजकले गर्नेछ ।

(५) निर्देशक समितिको निर्णय बहुमतद्धारा हुनेछ र मत बराबर भएमा निर्देशक समितिका संयोजकले निर्णायक मत दिनेछ ।

(६) निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी, सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि वा वातावरण वा जलस्रोत व्यवस्थापन विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(७) निर्देशक समितिको निर्णय निर्देशक समितिको सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(८) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि निर्देशक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६१. **<u>निर्देशक समितिले आवश्यक समिति गठन गर्न सक्ने</u>** : (१) निर्देशक समितिले यस ऐन अर्न्तगत आफ्नो काम कर्तव्यहरु दक्षता पूर्वक सम्पादन गर्न आवश्यक समितिहरु गठन गर्न सक्नेछ ।

(२) समितिका सदस्यहरुको नियुक्ति, बैठक तथा अन्य विषयबस्तुहरु तोकिए बमोजिम हुनेछ ।

६२. **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u>** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :

(क) ताल, तलाऊ, पोखरी, नदी, झरना, भुमिगत जल, बर्षेपानी र फोहरपानी सबैको आ-आफ्नै महत्व छ भन्ने अवधारणा र संरक्षणको खाँचो उत्तिकै छ भन्ने यथार्तको सम्वर्धन गर्ने,

(ख) खाद्य सुरक्षा हासिल गर्नको लागि जलस्रोत व्यवस्थापन र खानेपानी तथा सरसफाइको गुणस्तर, मात्रा र समन्यायलाई एकिकृत समग्र ९जयष्कितष्अ० अवधारणाको सम्वर्धन गर्ने,

(ग) जलस्रोतको व्यवस्थापन वातावरणीय, आर्थिक तथा सामाजिक पक्ष र आवश्यकताहरु परिपूर्ति गर्नका साथै वहुउपयोग कर्ताका वहुउपयोगहरुलाई फाइदा हुने गरी सुनिश्चित गर्ने,

(घ) जलाधार र स्थानीय तहको कुनै निश्चित क्षेत्रको प्राकृतिक,

भूगर्भ, जलचक्रलाई सम्मान गर्ने जलाधार र उपजलाधार स्तरीय सोच र कार्यक्रमको कार्यान्यन गर्ने,

(ङ) गाउँपालिका र जलाधार भित्रका जलस्रोत, जलाधार र अन्य प्राकृतिक स्रोतहरुको व्यवस्थापनका लागि जलाधार स्तरीय जलाधार व्यवस्थापन योजना तर्जुमा, कार्यान्वयन तथा प्रत्येक ५ बर्षमा समिक्षा तथा अद्यावधिक गर्ने,

(च) जलाधार भित्र अवस्थित स्थानीय तहका विकास योजनाहरुमा जलाधार व्यवस्थापन योजनाका उदेश्यहरु एकिकृत गर्न तथा सम्बर्धन गर्न विशेष भूमिका निर्वाह गर्ने,

(छ) जलाधार व्यवस्थापन योजनाको तर्जुमा तथा कार्यान्वयनमा र जलस्रोत व्यवस्थापनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विभिन्न आयामहरु एकिकृत गर्ने,

(ज) जलस्रोत र जलाधारको योजना निर्माण र व्यवस्थापनमा महिला, दलित र विपन्न सरोकारवालाको आवाजलाई प्राथमिकता दिने र कार्यान्वनमा संलग्न गराउने,

(झ) जलस्रोत र जलाधार सम्बन्धी निर्णयहरु प्रमाणमा आधारित भएर जलाधार स्तरमा लिने र त्यसरी निर्णय लिंदा स्थानीय, प्रादेशिक र राष्ट्रीय उदेश्यहरुका उपलब्धिसंग नबाझिने गरी लिने,

(ञ) जलाधार व्यवस्थापन योजना, उपजलाधार व्यवस्थापन योजना वा एकीकृत जलस्रोत व्यवस्थापन योजना समेत प्रमाणमा आधारित हुन भन्ने सुनिश्चित गर्नका लागि जलको गुणस्तर, मात्रा (परिमाण) तथा उपलब्धता लगायत जलाधारको स्वास्थ्य ९जभबतिज०को अनुगमन गर्ने,

(ट) संघीय वा प्रादेशिक जलस्रोत, जलाधार व्यवस्थापन र नदी वेसिन योजनाको जलाधार

स्तरमा कार्यान्वयन गर्न सहयोग गर्ने,

(ठ) उपयुक्त स्थानमा पारिस्थितिकिय सेवा वापतको भुत्तानी सम्बन्धि नीति तथा स्किमको तर्जुमा तथा कार्यान्वयन गर्ने,

(ड) जलस्रोत, खानेपानी, फोहरपानी, बर्षाको पानीको एकीकृत रुपमा व्यवस्थापनका लागि एउटै निति तर्जुमा तथा कार्यान्वयन गर्ने,

(ढ) जलाधारभित्र जलस्रोतको एकिकृत व्यवस्थापन सम्बन्धमा कुनै निकाय, प्राकृतिक स्रोत व्यवस्थापन समुह वा स्थानिय तहका बीचमा बिवाद भएमा सोको निराकरण वा निरुपरण गर्ने,

(ण) निर्देशक समितिले तोकेको अन्य काम कारवाही गर्ने ।

## परिच्छेद- ९

## जरिवाना तथा क्षतिपुर्ति

६३. **जरिवाना** : (१) कसैले देहायको कार्य गरे वा गराएमा कार्यपालिकाले देहाय बमोजिमको दण्ड जरिवाना गर्नेछ :

(क) पानीको स्रोतमा तोडफोड, अन्य क्षति वा पानी प्रदुषण हुने जस्ता कृयाकलाप गरेमा सोको क्षतिपुर्ति भराई पहिलो पटक भए रु १,०००/(एक हजार), दोस्रो पटक सोही कसूर गरेमा रु २,०००/(दुई हजार) र तेस्रो वा सोभन्दा बढीपटक सोही कसूर गरेमा प्रत्येक पटक दोब्बर जरिवाना हुनेछ र मुहानमा दिसाजन्य फोहर गरे गराएमा त्यसको दोब्बर जरिबाना हुनेछ।

(ख) खानेपानीको पाईप काटेमा र पाईप लाइनमा अन्य क्षति पुऱ्याएमा सोको क्षतिपुर्ति भराई पहिलो पटक भए रु १,०००/( एक हजार), दोस्रो पटक सोही कसूर गरेमा रु २,०००/ (दुई हजार) र तेस्रो वा सोभन्दा बढीपटक सोही कसूर गरेमा प्रत्येक पटक दोब्बर जरिवाना हुनेछ।

(ग) खानेपानीका संरचनाहरु ईन्टेक, रिजरभायर, धारा, अन्य टेंकी तथा संरचना तोडफोड वा क्षति पुऱ्याएमा सोको क्षतिपुर्ति

भराई पहिलो पटक भए रु २,०००/(दुई हजार), दोस्रो पटक सोही कसूर गरेमा रु ३,०००/(तीन हजार) र तेस्रो वा सोभन्दा बढीपटक सोही कसूर गरेमा प्रत्येक पटक दोब्बर जरिवाना हुनेछ ।

(घ) खानेपानीको मिटरमा मिलान गरेमा मिटरको क्षतिपुर्ति भराई पहिलो पटक भए रु १,५००/(एक हजार पांच सय) दोस्रो पटक सोही कसूर गरेमा रु २,०००/(दुई हजार) र तेस्रो वा सोभन्दा बढीपटक सोही कसूर गरेमा प्रत्येक पटक रु ३,०००/(तीन हजार) जरिवाना हुनेछ ।

(ङ) खानेपानीका सोलार प्यानल तथा अन्य बिद्युतिय सामग्रिहरुमा क्षति पुऱ्याएमा सोको क्षति पुर्ति भराई कसूरको प्रकृति हेरि सोलार प्यानल वा अन्य बिद्युतिय सामग्रिहरुको खरिद मुल्यको ५०% रकम जरिवाना हुनेछ ।

(च) उपभोक्ता संस्थाका पदाधिकारि र सदस्यले योजनाको कुनै पनि



तुर्माखाँद गाउँपालिका

आर्थिक हानि नोक्सानी वा यस ऐन वा विधान विपरित कार्य गरेमा निजलाई पहिलो पटक भए क्षतिपुर्ति भराई बिगो बमोजिमको जरिवाना हुनेछ र दोस्रो पटक सोही कसूर गरेमा निजलाई बर्खास्त गरि क्षतिपुर्ति भराई बिगो बमोजिमको जरिवाना हुनेछ ।

(छ) कसैले पनि अनधिकृत रुपमा नदी, खोला, गाड ताल बस्ति जस्ता निषेधित क्षेत्रमा मानव मलमुत्रीय फोहोर विसजर्न गरेमा पहिलो पटक भए रु ५,०००/(पाँच हजार), दोस्रो पटक सोही कसूर गरेमा रु १०,०००/(दश हजार) र तेस्रो वा सोभन्दा बढीपटक सोही कसूर गरेमा प्रत्येक पटक दोब्बर जरिवाना हुनेछ ।

६४. **अनुसन्धान अधिकृत तोक्ने** : यस ऐन बमोजिम सजाय हुने कसूरको अनुसन्धान गर्न गाउँपालिकाले कम्तीमा पाँचौ तहको कुनै कर्मचारीलाई अनुसन्धान अधिकृतको रुपमा तोक्न सक्नेछ ।

६५. **कारवाही चलाउने तथा दण्ड जरिवाना गर्ने अधिकारी** : (१) यस ऐन बमोजिम दण्ड जरिवाना गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।

(२) यस ऐन बमोजिम कारवाही तथा दण्ड जरिवाना हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकृतले सम्बन्धित जिल्ला सरकारी वकिलको कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

६६. **प्रचलित कानून बमोजिम सजाय हुने** : यस ऐन अर्न्तगत कसुर मानिने कुनै कार्य अन्य प्रचलित कानुन बमोजिम समेत कसुर हुने रहेछ भने त्यस्तो कसुरमा प्रचलित कानून बमोजिम मुद्दा चलाई कारवाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

६७. **पुनरावेदन दिन सकिने** : दफा २४ बमोजिम गाउँपालिकाको निर्णय उपर चित्त नबुझ्ने वा दफा ६३ बमोजिम कार्यपालिकाले गरेको जरिवानाको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद- ११

## विविध

६८. **खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी योजना तर्जुमा र कार्यान्वयन** : गाँउपालिकाले उपभोक्ता संस्था, सरोकारवाला निकाय तथा संघ संस्थाहरुसँग समन्वय, सहकार्य तथा परामर्श  गरी नेपाल सरकारले निर्धारण गरेको नीति तथा मापदण्ड अनुसार आफ्नो क्षेत्रका लागि उपयुक्त हुने किसिमको खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी योजना र जल उपयोग गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

(२) गाँउपालिकाले तर्जुमा गरेको खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी योजना र जल उपयोग गुरुयोजना कार्यान्वयनका लागि उपभोक्ता संस्था र सम्बन्धित सबै निकाय र सरोकारवालाहरुले सहयोग गर्नु पर्नेछ ।

(३) खानेपानी सरसफाइ तथा स्वच्छतासम्बन्धी योजनामा आवश्यकता अनुसार समय समयमा परिमार्जन गर्न सकिनेछ ।

(४) प्रकोप तथा आपतकालिन समयमा खानेपानीको नियमित आपूर्ति गर्न र सरसफाइ तथा स्वच्छता कायम गर्नका लागि यस दफा बमोजिम तर्जुमा गरिने योजनमा विशेष व्यवस्था गर्नु पर्नेछ ।

६९. **विवरण उपलब्ध गराउने** : (१) गाँउपालिकाले प्रदेशको सम्बन्धित मन्त्रालय मार्फत वा सिधै देहायको विवरणहरु सम्बन्धित संघीय मन्त्रालय समक्ष वार्षिक रुपमा र आवश्यकता अनुसार उपलब्ध गराउने छ :

(क) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाहरुको संख्या र सोबाट लाभान्वीत जनसंख्या ।

(ख) नेपाल सरकार वा प्रदेश सरकारले माग गरेका अन्य विवरणहरु ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाँउपालिकामा खानेपानीको स्रोत र परिमाण, गुणस्तर, लाभान्वित क्षेत्र र खानेपानी तथा सरसफाइ प्रणालीका महत्वपूर्ण तथा मुख्य विषयहरु प्रष्ट रुपमा देखिने गरी राखिने छ र गाँउपालिकाले यस्ता विवरणहरु आवश्यकता अनुसार समय समयमा खानेपानी तथा सरसफाइसम्बन्धी विद्युतीय एकिकृत नक्शामा समावेश गर्नका लागि नेपाल सरकारलाई उपलब्ध गराउन सक्नेछ ।

(३) गाँउपालिकाले उपदफा (२) बमोजिम राखेको विवरणलाई अनुगमन र विश्लेषणका लागि उपयोग गर्न सकिने छ ।

७०. **पुरस्कारसम्बन्धी व्यवस्था** : खानेपानी तथा सरसफाइ व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई गाँउपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

७१. **निर्देशन दिन सक्ने** : गाँउपालिकाले उपभोक्ता संस्था वा सेवा प्रदायक अन्य संघ संस्थालाई खानेपानी तथा

सरसफाइ र स्वच्छतासम्बन्धी आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका विषयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

७२. **अधिकार प्रत्यायोजन** : (१) गाँउपालिकाको अध्यक्षले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपाध्यक्ष वा कुनै सदस्य वा प्रशासकीय अधिकृत वा सम्बन्धित कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछन् ।

(२) गाँउपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई स्थापना नभएसम्म यस ऐन र सो अन्तर्गत तर्जुमा हुने नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बमोजिम गर्नुपर्ने कार्यहरु वातावरण सम्बन्धी शाखाबाट सम्पन्न गर्न सकिनेछ ।

७३. **नियम बनाउन सक्ने** : यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि गाँउपालिकाले आवश्यक नियम, बनाउन सक्नेछ ।

७४. **निर्देशिका वा कार्यविधि वनाउन सक्ने** : यो ऐन तथा यस ऐन अर्न्तगत बनेको नियमावलीको कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

७५. **अनुसूचीमा हेरफेर :** गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनको सूचीमा आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ ।

७६. **बचाउ** : (१) गाँउपालिकाले खानेपानी तथा सरसफाइका विषयमा यस अघी निर्देशिका वा कार्यविधि वा अन्य

आधारमा गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

तुर्माखाँद गाउँपालिका

अनुसूची -१

*(दफा १४ को उपदफा (५) सँग सम्बन्धित)*

**खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था दर्ताको लागि दिइने निवेदन**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

तुर्माखाँद गाँउ कार्यपालिकाको कार्यालय,

तुर्माखाँद, अछाम ।

विषयः खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था दर्ता गरिदिने बारे ।

तुर्माखाँद गाँउपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०७९ को व्यवस्था बमोजिम खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको गठन गरी उक्त उपभोक्ता संस्था दर्ता गरी पाउन सोको विधान संलग्न गरी पेश गरेका छौं । उपभोक्ता संस्था दर्ता गरी आवश्यक प्राविधिक तथा अन्य सहयोग समेत प्रदान गर्नुहुन अनुरोध गर्दछौं ।

निवेदक

.................. खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको तर्फबाट

क्र. सं. नाम पद दस्तखत

१.

२.

३.

४.

५.

६.

७.

८.

९.

मितिः-............................

तुर्माखाँद गाउँपालिका

अनुसूची -२

*(दफा १४ को उपदफा (६) सँग सम्बन्धित)*

**उपभोक्ता संस्थाको दर्ताको प्रमाणपत्रको नमूना**

**तुर्माखाँद गाँउ कार्यपालिकाको कार्यालय**

**तुर्माखाँद, अछाम**

दर्ता नं. :-

मितिः-

उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र

श्री...................... खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था

............................

यस गाँउपालिकाको मिति.......................... को निर्णय अनुसार खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०७९ ले दिएको अधिकार प्रयोग गरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई दर्ता गरी सहज र दिगो रुपमा स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा उपलब्ध गराउन सफलता मिलोस भन्ने शुभकामनाका साथ यो प्रमाणपत्र दिइएको छ ।

पालना गर्नु पर्ने विशेष शर्तहरु :-

१.

२.

...................... खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था

खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको सेवा क्षेत्र :-

खानेपानीको स्रोत वा मुहानको नाम :-

घर धुरीको संख्या :-

कुल जनसंख्या :-

प्रमाणपत्र दिने अधिकृतको

नाम :-

दर्जा :-

दस्तखत :-

मिति :-

द्रष्टव्यः- यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन एक सय रुपैंयाँ दस्तुर लाग्नेछ ।

**प्रमाणीकरण मिति २०७९।०४।०२**

**आज्ञाले**
**लोक बहादुर शाही**
**प्रमुख प्रशासकीय अधिकृत**



तुर्माखाँद गाउँपालिका